# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

माघ पूर्णिमा



धर्मकीर्ति वसुन्धरा विहारमा आयोजित [illegible] सम्मिलित सहभागीहरू

DHARMAKIRTI

वर्ष- १९ अङ्क- १० वार्षिक रु. ६०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

*सम्पादकीय*

# बुद्धको शान्ति सन्देश

आजभोली शान्ति विषयमा जतातते चर्चा र छलफल भइरहेको सुनिन्छ । यहि विषयमा अन्तर्राष्ट्रिय स्तरको शिखर सम्मेलनको समेत आयोजना गरिन्छ । तर जतातते शान्ति होइन अशान्तिले व्याप्त भइरहेको देखिन्छ । किन होला ? गौतम बुद्धले अनुसन्धान गरी प्राकृतिक तथ्य नियम चतुआर्य सत्य (दु:ख छ, दु:खको कारण छ, दु:खको अन्त्य हुन सक्छ, दु:ख अन्त्य गर्ने आठवटा मार्गहरू छन्) प्रतिपादन गर्नुभएको छ । यी चारवटा प्राकृतिक सत्यहरू मध्ये यहाँ आजभोलीको सन्दर्भलाई समेटी दु:खका कारणहरूलाई अध्ययन गर्न आवश्यक देखिन्छ ।

आजभोजी हामीले भोगिरहेका दु:ख र अशान्तिका कारणहरू मध्ये प्रमुख कारण "जति भएपनि नपुग्ने भौतिक सुखको चाहना (तृष्णा) असन्तोषी र स्वार्थ भावनाहरू हुन् । जतातते व्याप्त भैरहेका भ्रष्टाचार र कालो बजारीको प्रमुख कारण नै विलासिता र सुविधामुखी जीवन विताउने बद्दो चाहना र लालची स्वभाव हो । बुद्ध शिक्षानुसार यसरी असन्तोषी बन्दै असीमित भौतिक चाहना बढाई तृष्णा बढाउने बानीलाई हटाउन नसकेसम्म शान्ति असम्भव छ । दु:खको यस मूल जरोलाई डबाउन खोज्ने होइन यसलाई यथासक्य पत्ता लगाउँदै हटाउन सक्नुपर्दछ ।

बुद्धको स्मरणीय र सान्दर्भिक शिक्षामा भनिएको छ, - अति विलासिता जीवनको चाहनाले मात्र अशान्ति निम्त्याउने होइन सामाजिक अपराध र अशान्तिको अर्को प्रमुख कारण गरिवी पनि हो । मानिसहरूको आधारभूत आवश्यकता पूर्ति हुन नसकेमा पनि समाजमा भ्रष्टाचार, हत्या, चोरी र डकैटी जस्ता अपराधिक घटनाहरू घटी अशान्ति फैलिन सक्दछ । त्यसैले समाजको अपराध र अशान्तिपूर्ण वातावरण हटाउनका लागि गरिवी निवारण हुनु अत्यावश्यक छ । गौतम बुद्धले दीघ निकाय कूटदन्त सूत्रमा उल्लेख गर्नुभएको छ,-"यदि समाजमा गरिवीको कारणले अपराधिक, अशान्ति र उपद्रवहरूका घटनाहरू घटिरहेको छ भने उक्त अशान्ति हटाउनका लागि सर्वप्रथम जनताले चाहेको अत्यावश्यक आधारभूत आवश्यकताहरू उपलब्ध गराउने अभियान चलाउन जरुरी हुन्छ । गरिवीको समस्या हटाउने प्रमुख उपाय उचित रोजगारको व्यवस्था (भत्ता सहितको तलवको व्यवस्था), व्यापार व्यवसायमा लाग्न चाहने व्यापारीलाई उचित लगानी र पूँजीको व्यवस्था, कृषि व्यवसायमा लाग्न चाहने कृषकहरूका लागि जमीन, कृषी औजारहरू, वीउ वीजन र सिंचाई आदिको उचित व्यवस्था आदि मिलाउन सकेमा मात्र वेरोजगारी समस्या हटी गरिवी निवारण कार्यमा टेवा पुग्नेछ । यी प्रमुख उपायहरू अपनाउन नसकेसम्म शान्तिले स्थान लिन सक्दैन ।

त्यसैले होला हालै मात्र सम्पन्न सार्क शिखर सम्मेलनमा सबै जसो देशहरूबाट गरिवी निवारणका लागि साझा चिन्ता व्यक्त गरी सम्बोधन गरेको चर्चा छ । निरपेक्ष गरिवीको रेखामुनि रहेका जनसंख्या अत्यधिक रहेको यस सार्क क्षेत्रमा विद्यमान रहेका प्राकृतिक स्रोत साधनलाई समुचित सदुपयोग गर्न सकेका छैनन् । फलस्वरूप विकास कार्यका क्षेत्रहरू (शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार र कृषि आदि) पछि परेका छन् । हुनत यस गरिवी निवारण विषयमा हाल मात्र होइन पहिलाको सार्क सम्मेलनमा पनि निर्णय नगरिएका होइनन् । तर राम्ररी कार्यान्वयन हुन बाकी नै भएकोले होला पहिला निर्णय भइसकेका गरिवी निवारण कार्यक्रमहरूलाई हाल अगाडि बढाउने निर्णय गरिएको कुरा बुझिन आएको छ ।

जे होस्, जुनसुकै कार्यक्रम सफल पार्नको लागि पनि तोकिएका निर्णयहरूलाई कार्यान्वयन गर्न अति आवश्यक छ । बुद्धले भन्नुभएको पनि छ-"कुरा कम गर्ने तर काम बढि गर्ने गर्नु पर्छ ।" अर्को शब्दमा भन्ने हो भने तोकिएको निर्णयहरू त्यसबेला सफल हुनेछ, जब त्यसलाई कार्यान्वयनमा परिणत गर्न सकिनेछ, होइन भने ती निर्णयहरू कागजी स्तरको निर्णयको रूपमा ठन्किन पुग्छन् । निर्णय गर्न त सजिलो छ तर कार्यान्वयन हुन भने ज्यादै गाह्रो छ ।

बुद्ध पूर्णिमाको उपलक्षमा मनाइने समारोहहरूमा देशका ठूलठूला ओहदामा रहनु भएका व्यक्तित्त्वहरूबाट बुद्ध सन्देश र शिक्षा वारेमा यसरी प्रवचन सुन्न पाइन्छ- "बुद्ध सन्देश र शिक्षानुरूप आचरण गर्न सके मात्र शान्ति पाइनेछ, दु:खबाट मुक्त हुन सकिनेछ आदि आदि ।" तर वर्षैपिच्छे बुद्ध शिक्षाबारे प्रवचन गरेअनुसार र सुने अनुसार यस शिक्षालाई आ-आफ्नो जीवनमा प्रयोग गर्न नसकेको कारणले होला उचित फल भने पाउन सकिरहेको देखिँदैन ।

त्यसैले हाम्रो नेपाल शान्ति प्रवर्तक बुद्ध जन्मभूमिको नाताले भएपनि यहाँ शान्तिपूर्ण वातावरण अति जरुरी छ । त्यसैले देशमुखी र जनमुखी बन्न चाहने सरकारले बुद्ध शिक्षानुसार मध्यम मार्गलाई अपनाउन जरूरी छ । यसको लागि अति विलासी र अति सुविधामुखी जीवनलाई हटाई निरपेक्ष गरिवी रेखामुनि रहेका अति गरिवी जीवन विताइरहेका निमुखा जनताहरूको जीवनस्तर उकास्ने अभियान चलाउन जरूरी देखिन्छ । यसरी मध्यम मार्ग अपनाई अतिमार्गहरू हटाउन सकेमा मात्र अतिमार्गबाट उब्जिएका समस्याहरू विस्तारै हटी शान्तिपूर्ण वातावरण र सुखको आशा गर्न सकिनेछ ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JANUARY 2002**

| वर्ष- १९ | अङ्क- १० | मिलापुन्ही | माघ २०५८ |
|---|---|---|---|




*दानदिंदा यी ६ अंगहरूले युक्त भई दिनु पर्छ।*

१. दाताको मन दान दिनु अघि स्वच्छ हुनुपर्छ,
२. दाताको मन दान दिने समयमा स्वच्छ हुनुपर्छ,
३. दाताको मन दान दिइ सकेपछि स्वच्छ हुनुपर्छ,
४. दानलिने व्यक्ति राग हटाउने कार्यमा लागेको हुनुपर्छ,
५. दानलिने व्यक्ति द्वेष हटाउने कार्यमा लागेको हुनुपर्छ,
६. दानलिने व्यक्ति मोह हटाउने कार्यमा लागेको हुनुपर्छ।

यी व्यक्तिहरूलाई दिइएको दानलाई समयोचितदान भनिन्छ।

१. अतिथिलाई २. पथिकलाई ३. रोगीलाई ४. गरीबलाई ५. शीलवानलाई

*तीन प्रकारका दान छन्।*

१. आमिसदान- आफूसंग भएको बस्तु दान
२. अभयदान- जीवन दान
३. धर्मदान- ज्ञान धर्मको कुरो भन्नु वा दिनु। पुस्तक प्रकाशन, पुस्तकालय निर्माण आदि यसै अन्तर्गत पर्छन्।

# धम्मपद–१४६ -

– **रीना तुलाधर,** 'परियत्ति सद्धम्म कोविद'

**न वे कदरिया देवलोकं वजन्ति**
**बाला हवे नप्पसंसन्ति दानं**
**धीरो च दानं अनुमोदमानो**
**ते ने व सो होति सुखा परत्थ**

**अर्थ-** अति नै कञ्जूस मानिसहरू देवलोकमा जान सक्तैन । मूर्खहरूले दानको प्रशंसा गर्दैन, धीर जनहरूले दानको प्रशंसा गर्दछन् । त्यसैले दानी पण्डितहरूले परलोकमा सुख प्राप्त गर्दछन् ।

**घटना-** उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा कोशल देशका महाराज प्रसेनजीतले दिएको असदिसदानको (बराबरी तुलना नभएको) कारणमा भन्नु भएको थियो ।

एक समय बुद्धकोपालाका कोशल देशका महाराज प्रसेनजीतले भगवान् बुद्ध प्रमुख भिक्षु संघको लागि भव्य दानको आयोजना गरेर आफ्ना देशवासीहरूलाई भव्य दानको प्रदर्शनी हेर्न आउन आह्वान गरे । भोलिपल्ट नगरवासीहरूको पालो तिनीहरूले पनि आ-आफू मिली महाराजले भन्दा पनि धेरै भव्य दानको आयोजना गरेर महाराज स्वयंलाई निमन्त्रणा गरेर प्रदर्शन गरे । आफ्ना नगरवासीहरू भन्दा आफ्नो दानमा कमी भएको कारण महाराजले अर्को पल्ट त्यो भन्दा पनि चर्को गरेर दान गरे । एवं प्रकारले छ: पटकसम्म र जनताको बिच दानको प्रतियोगिता चल्यो । न महाराजले जनतालाई हराउन सके न जनताले महाराजलाई ।

एकदिन महाराज दिक्क भएर खातमा पल्टीरहे । के गरेर मैले जनतालाई दान कार्यमा जित्न सकुंला भन्ने चिन्तामा डुबीरहे । महाराजको यो दशा देखेर महाराजकी अग्र महारानी मल्लिका देवीले महाराज समक्ष एउटा योजनाको प्रस्ताव राखिन्- "भो महाराज ! चिन्ता नलिनुस् । कहाँ ती जनता कहाँ तपाइँ देशको नरेश । मैले भने जस्तो गरेर दान दिने वस्तुको जोरदाम गर्नुस् अनि जनताले तपाइँसँग प्रतियोगिता गर्न सक्तैन ।"

महारानीको प्रस्ताव बमोजिम कार्य भयो । शाल कल्याण रूखको काठको भुइँ बनाएर पाँचसय भिक्षुहरू बस्न मिल्ने गरी मण्डप बनाउन लगायो । पाँचसय सेतो हात्तिहरूबाट पाँचसय वटा श्वेत - छत्र समाउन दिएर पाँचसय भिक्षुहरूलाई श्वेत छत्र ओढ्न लगाए । आठ दशवटा सुनको घैंटो बनाएर सुगन्धित पानी भरे । प्रत्येक दुईजना भिक्षुहरूको बिचमा एउटीक्षत्री राजकुमारी उभेर सुगन्धित पानी छरी रहे । प्रत्येक दुइजना भिक्षुहरूको बिचमा एउटी क्षेत्री राजकुमारीले पंखा हम्कीरहे । अरू बाँकि क्षत्री राजकुमारीहरूले छरिएको पानी लिएर फेरी अर्को एउटा सुनको घैंटोमा जम्मा गर्न गइरहे । फेरि अरू बाँकि क्षत्रीय राजकुमारीहरूले जम्मा गरिएको सुगन्धित पानी धैंटोबाट कमलको फूलको गुच्छाले टिप्दै छर्दै गरीरहे । एवं प्रकारले भगवान् बुद्ध र भिक्षु संघको भव्य स्वागत सत्कार गरेपछि भोजन दान गरियो । भोजन ग्रहणको कार्य सिद्धिएपछि चौध करोड धन बराबरको उपभोग्य वस्तु दान गरे । भगवान् बुद्धको लागि चढाइएको श्वेत छत्र, बस्ने आसन, आराम गर्ने काठ र खुट्टा उभ्याउने पीढा त अनमोल थियो ।

जनतासँग न श्वेतछत्र छ, न श्वेत हात्ती छ, न क्षत्रीय राजकुमारी नै । अत: जनताले महाराजसँग प्रतियोगितामा जित्न नसक्ने भयो । यसप्रकार कसैले बराबरी आउन नसक्ने गरी अत्यन्त भव्य रुपमा दान गरिएकोले यस दान कार्यको नाम नै 'असदिस दान" रहन गयो ।

त्यससमय प्रसेनजीत महाराजका जुण्ह र काल नामक दुइजना मन्त्रिहरू मध्ये जुण्ह मन्त्रीले प्रसन्न चित्तले विचार गरे- "अहो आश्चर्य ! महाराजले कति महान कार्य गरे । यस्तो महादानको कार्य त केवल देशका महाराजले नै मात्र गर्न सक्छन् । आज यस पुण्य कार्यमा पुण्यानुमोदना गराइएमा मैले पनि साधुकार दिएर पुण्यानुमोदन गर्न पाउने छु ।" यसको विपरित काल मन्त्री महाराजको यस महान दान देखेर खुशि



Downloaded from http://www.dhamma.digital

थिएन । उसले यसरी सोची रहे-"राजकुलको धन विनाश भयो । महाराजले एकै दिनमा चौध कोटी धन सिध्याए । आजको स्वादिष्ट भोजन खाएर भिक्षुहरू विहारमा गएर सुत्न जानेछन् ।"

भोजन तथा दान प्रदानको कार्य सिद्धिएपछि भगवान् बुद्धले आजको जनसमूह सबै नै यस महान असदिस दानदेखि खुशि छन् कि छैनन् भनेर चिन्ता गर्नु भयो । काल मन्त्री असन्तुष्ट रहेको जान्नु भएर भगवान् बुद्धले विचार गर्नु भयो कि आजको दिनमा मैले दानको प्रशंसा गरेर लामो धर्मदेशना गरें भने यस काल मन्त्रीले अरु थप पाप कमाउनेछन् । यसरी सोच्नु भएर भगवान् बुद्धले त्यस दिने खालि चारवटा गाथा भनेर भुक्तानुमोदना गरेर विहारतिर फर्कनु भयो ।

प्रसेनजीत महाराज पनि त्यस दिन भगवान् बुद्धले छोटो भुक्तानुमोदन मात्र गर्नु भएकोमा असन्तुष्ट भएर त्यसको कारण बुझ्न विहारमा गए । भगवान् बुद्धले महाराजलाई सन्तुष्ट पार्न भन्नु भयो– "हे महाराज ! तपाइँले आज खुशि हुनुपर्छ कि आज तपाइँको महान असदिस दानको कार्यक्रम सफलपूर्वक पुरा भयो । बुद्ध वंशको परम्परा अनुसार एउटा बुद्धलाई यस्तो दान एकचोटि मात्र प्राप्त हुन्छ । तर तिम्रा मन्त्री काल आजको दान कार्य देखी अलिकति पनि प्रसन्न थिएन । उसले यी सबै बेकारको फजूल खर्च भनेर ठानीराखेको थियो अत: आजैको दिनमा दानको प्रशंसालाई लिएर लामो धर्म देशना गरें भने काल मन्त्रीले अरु पाप कमाउने छन् र यो जन्म र अर्को जन्ममा पनि यस पापको फल भोग्नु पर्नेछ । अत: काल मन्त्री उपर करुणा राखी मैले छोटो धर्म देशना मात्र दिएको हुँ ।"

यसै सिलसिलामा भगवान् बुद्धले पुन: भन्नु भयो– "हे महाराज ! मूर्खहरूले अरुले दान दिएको देखेर प्रशंसा नगरीकन निन्दा गर्छ र यस कारणले दुर्गती पाउँछन् । विद्वान जनले अरुले गरेको दान कार्य देखेर प्रशंसा गर्छन्, आफू पनि खुशि हुन्छन् र यस पुण्य कार्यमा सहभागी भएर सुगती प्राप्त गर्छन् ।"

यसरी आज्ञा भएर भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

---

***यो पनि थाहा पाइराख्नु पर्ने कुरा ...***

# अन्धविश्वासले एक महिनामा चार आफन्त गुमे

रोग लागेको बिरामीलाई कुखुरा, परेवा काटेर पूजा गर्दा निको हुन्छ भन्ने विश्वास राख्दाराख्दै कर्मे राईले आफ्ना परिवारका चार जना सदस्यलाई गुमाउन पुगेका छन् ।

धनकुटा जिल्लाको महाभारत गाउँ विकास समिति वडा नं. ४ निवासी कर्मे राईलाई बिरामीलाई अस्पताल लगेर होइन, कुल देवताको पूजा गरेर निको हुन्छ भन्ने पूर्ण विश्वास रहेको छ । उनको यही अन्धविश्वासका कारण एक महिनाको अवधिमा आफ्ना परिवारका चार जना सदस्यलाई गुमाउनु परेको छ । अन्धविश्वासका कारण बिरामीहरूलाई अस्पताल लैजानुको सट्टा १२ हजार रूपियाँभन्दा बढीका कुखुरा र परेवाले कुलदेवताको पूजा गरेको कुरा कर्मे राई बताउँछन् । 'मेरो कुल देवता रिसाएका कारण बुबा-आमा, श्रीमती र छोरालाई गुमाएँ' अझै कुलदेवताप्रति आत्मविश्वासी हुँदै कर्मे राईले बताए । अस्पताल भनेपछि नामै लिन नचाहने राई सबै कुरा देवी देवताको कृपाले भएको सम्झिन्छन् । उनले हालै आफ्नो अंशसम्बन्धी मुद्दा जितेका छन् । त्यो पनि देवी देवताको पूजा र भाकलले जितेको उनको विश्वास छ ।

*साभार : नेपाल समाचारपत्र, प्रस्तुति : केशब शाक्य*

बुद्ध-धर्मले मान्यता दिएका सबभन्दा ठूला विषय वस्तुहरू यस प्रकार छन्–

सबभन्दा ठूलो रोग - भोक, सबभन्दा ठूलो लाभ - सुस्वास्थ्यता,

सबभन्दा ठूलो मित्र - विश्वास, सबभन्दा ठूलो सुख - निर्वाण ।

# कालेन धम्म साकच्छा एतं मंगल मुत्तमं

अर्थात्

# समय समयमा धर्म सम्बन्धी छलफल गर्नु उत्तम मंगल हो

*आयोजक*- आजको छलफल कार्यक्रम शुरू गर्नु भन्दा अगाडि यहाँ उपस्थित रहनु भएका सहभागीहरूलाई केही कुराको जानकारी दिन मन लागिरहेको छ। कुरा के छ भने, धर्मकीर्ति पत्रिका वर्ष १९ अंक १० मा उपासक धर्माचरणले हाम्रो छलफल कार्यक्रमको विषय "थेरवाद बुद्ध धर्म बुद्धकाल देखि आएको होइन" सम्बन्धी केही चर्चा लेखेर पठाउनु भएको रहेछ । सर्वप्रथम यस चर्चाको लागि धर्माचरण ज्यूलाई हाम्रो तर्फबाट धन्यवाद दिँदैछौं। त्यसपछि उहाँलाई हाम्रो उद्देश्य र लक्षबारे केही जानकारी दिन मनासिव ठानेका छौं।

खासगरी छलफल कार्यक्रम बुद्ध शासनको भविष्य उज्ज्वल र विकास होस्, परम्परावादी नहोस् भन्ने मनसायले संचालन गर्दै आइरहेका छौं। नचाहिँदो विवाद र भ्रम फैलाउनको लागि अवश्य पनि होइन। किनभने बुद्धको उपदेश र शिक्षामा अन्धविश्वास पूर्वाग्रह र कट्टरपन भावनालाई कतिपनि स्थान छैन। वैज्ञानिक र व्यवहारिक पक्षपाती बुद्ध शिक्षा सिंगै आदर्शवाद मात्र होइन। यसमा स्वतन्त्र चिन्तनलाई बढि महत्त्व दिइएको छ । आँखा चिम्ली विश्वास गर्ने बानीलाई भन्दा अव्यवहारिक कुरामा विरोध गर्नुलाई महत्त्व दिइएको छ। गौतम बुद्ध स्वयमले भन्नुभएको छ, विरोधीहरूको उपस्थितीको कारणले नै उहाँ बुद्ध बन्न सक्षम हुनुभएको थियो। बुद्धले भन्नुभएको छ– "कसैले भनेको भन्दैमा, पुस्तकमा उल्लेख गरिएको कुरा हुँदैमा, स्वयं बुद्धले नै भनेको भए पनि त्यस कुरालाई आफूले विचार नगरीकन आँखा चिम्ली विश्वास नगर्नु ।" स्वतन्त्र चिन्तनलाई प्राथमिकता दिनुभई उपदेश दिनुभएको बुद्धको यस शिक्षालाई धेरैजसोले व्यवहारिक शिक्षाको रूपमा मन पराएका छन् । त्यसैले थेरवादी शासन बुद्धको पालादेखिको होइन भन्दैमा बुद्धमार्गीहरूको मगजमा भुइँचालो आउनुपर्ने कुनै जरुरी त देखिँदैन । छलफल नगरीकन हाम्रो समझदारी ठीक ठाउँमा आउँदैन नि । होइन र ? गौतम बुद्धले भन्नुभएको छ– कालेन धम्म साकच्छा एतं मंगल उत्तमं अर्थात् समय समयमा धर्म सम्वन्धी छलफल गर्नु पनि मंगल नै हो । आलोचना र विरोध शब्द ध्वंसात्मक होइन रचनात्मक हुनुपर्छ । अध्ययन र अन्वेषण विना धर्मको सही अर्थ बुझ्न सकिंदैन । कट्टरपन बानी समझदारी अर्थात् सम्यकदृष्टि बन्न सकिंदैन। धर्माचरणज्यूले कल्याणमित्र सत्यनारायण गोयन्काको प्रवचन त सुन्नुभएकै रहेछ नि। तैपनि किन होला ? सायद कट्टरपन बानीले गर्दा नै होकि ? उहाँले प्रवचनको अर्थ ठीक तरिकाले बुझ्न सक्नु भएन जस्तो लाग्छ । त्यसैले हाम्रो विनम्र अनुरोध छ, धर्माचरणज्यूले ज्योती भवनबाट गोयन्का गुरुको प्रवचनमाला मध्ये चार दिने प्रवचनमालाको टेप (प्रश्नोत्तर सहित) दोहऱ्याई ध्यान दिएर सुन्नुहोस्। यस तथ्य कुरोलाई धर्माचरणज्यूले राम्ररी बुझ्नु भएमा आइन्दा उहाँले यसबारेमा गुनासो लेखि पठाउनु हुनेछैन। अनि उहाँले थाहा पाउनु हुनेछ विवाद खडा गर्नको लागि छलफल कार्यक्रम राखिएको होइन, समझदारी कायम गरी सम्यक दृष्टिलाई स्थान दिनु नै यस कार्यक्रमको चाहना हो भन्ने कुरो ।

अब विषय परिवर्तन गरौं । आज त एकजना महिला सहभागी पनि उपस्थित हुनुभएको रहेछ नि । हाम्रो कार्यक्रमको शोभा बढाइदिनु भएकोमा यहाँलाई धन्यवाद छ। यहाँको परिचय पाउँ न ।

*सहभागी*- म त एक सरकारी कर्मचारी हुँ। एक बुद्धमार्गीको नाताले मलाई बुद्ध शिक्षा अति मनपर्छ। बुद्ध शिक्षाहरू अध्ययन गर्दा गर्दै बिच बिचमा केही कुराहरू खुलस्त पारी त्यसलाई अझ गहिरिएर बुझ्न नसकेकोले



Downloaded from http://www.dhamma.digital

मैले यस छलफल कार्यक्रममा भाग लिन आएकी हुँ। प्रश्न के छ भने बुद्धकी सानी आमा प्रजापती गौतमीको संघर्षको कारणले बुद्धको संघमा नारीहरूले पनि भिक्षुणी बन्ने सुअवसर प्राप्त गरेको त एक खुशीकै कुरो हो। तर प्रजापती गौतमी भिक्षुणी बन्नका लागि शर्तको रुपमा बनाइएका आठवटा "गुरु नियम" कसले बनाएको रहेछ ? के यी नियमहरू बुद्धले नै बनाउनु भएको हो र ?

**"गुरु नियम" यसरी उल्लेख गरिएका रहेछन्।**

१. नारी जाती प्रव्रजित भएर एक सयवर्ष पुगेपनि उनीले भरखर मात्र प्रव्रजित भएको भिक्षुलाई वन्दना गरी मान मर्यादा राख्नु पर्छ।
२. भिक्षुहरूले बास नगरेको इलाकामा भिक्षुणीहरू आफूखुसी बास बस्न पाउँदैन।
३. प्रत्येक महिनाको आधा महिना पछि भिक्षु संघले उपदेश दिनको लागि खटाइएको भिक्षुको तर्फबाट भिक्षुणीहरूले उपदेश सुन्ने गर्नुपर्छ।
४. पवारणा (आत्मालोचना) गर्नुपर्छ। भिक्षु भिक्षुणीहरू दुबै पक्षबाट आ-आफ्ना गल्तीहरू प्रकट गर्नुपर्दछ।
५. यदि आपत्ति रहेको छ भने त्यसलाई स्वीकार गर्नुपर्छ। यस्तो अवस्थामा भिक्षु भिक्षुणी दुवै पक्षबाट सो आपत्तिबाट मुक्त हुनुपर्छ।
६. भिक्षुणी हुनु अगावै कमसेकम २ वर्षसम्म व्रत नियम पूरा गरी परीक्षार्थ शिक्षमाणा (सिकारु) को रूपमा बस्नु पर्छ।
७. भिक्षुले जुनसुकै गल्तीहरू गरे पनि भिक्षुणीहरूले त्यसमा विरोध गरी गाली गर्न पाइँदैन।
८. भिक्षुणीले भिक्षुलाई सिकाउने गर्नु हुन्न। भिक्षुबाट भिक्षुणीले सिक्ने गर्नुपर्दछ।

*आयोजक-* तपाइँको प्रश्न एकदम मनासिव र जायज प्रश्न हो। पच्चिस सय वर्ष पूर्वको परिस्थिति बारे राम्रो जानकारी हुनु पनि जरुरी नै छ। तर यस प्रश्नको उत्तर दिनको लागि अलि अप्ठ्यारो महशूस हुन्छ हामीलाई। किनभने ठीक उत्तर अर्थात् स्वतन्त्रचिन्तनको आधारमा उत्तर दिने हो भने पक्कै पनि कट्टरपना बानी भएका व्यक्तिहरूको टाउको दुख्नु स्वभाविक नै हो। उत्तर नदिउँ भने छलफल कार्यक्रमको औचित्य नै रहने छैन। जे होस्, यथार्थ कुरो लुकाउने त बुद्ध शिक्षानुकुलनै भएन नि होइन र ?

यस विषयमा थाइल्याण्डकी एक महिलाले अनुसन्धान गरेर लेख्नु भएको छ। उहाँको भनाई अनुसार प्रजापती गौतमी भिक्षुणी हुँदा बनाइएका भनिएका आठवटा गरु नियमहरू बुद्धले बनाउनु भएको कदापि होइन। यी नियमहरू त बुद्ध परि निर्वाण भइसकेपछि संगायना गरेको बेलामा थपिएका नियमहरू हुन्। यी आठवटा गरुनियमहरूले बुद्ध शासनमा महिलाहरूको स्थान पुरुषहरूको स्थान भन्दा नीच देखाइएको छ। यति मात्र होइन यी नियमहरूले बुद्धको महानतालाई नै अपहेलना गरिएको छ। किनभने धेरै जसोलाई थाहा भएकै कुरा हो, बुद्धले कुनै घटना नघटेसम्म नियम बनाउनु हुन्न ! एकपटक सारीपुत्र महास्थविरले बुद्ध समक्ष भिक्षुहरूको जीवन सफल पार्ने नियमहरू बनाइदिन पऱ्यो भनी प्रार्थना गर्नुहुँदा बुद्धले यसरी जवाफ दिनुभएको थियो- सारीपुत्र ! घाउ नै नभएको शरीरको अंगहरूमा घाउ हुन अगाडि नै औषधी राख्ने ? अहिलेसम्म भिक्षुहरूले नियम विगार्ने खालका कुनै अनुशासनहीन कार्यहरू गरेकै छैनन् भने अहिले भिक्षुहरूको लागि के नियम बनाउने ? अहिलेको लागि कुनै पनि नियम बनाउनु जरूरी छैन। यति भनी बुद्धले नियमहरू बनाउन अस्वीकार गर्नुभयो।

यसघटनाले बताइरहेको छ, भिक्षुणी शासन बन्नु अगाडि नै बुद्धले कसरी आठवटा गरु नियमहरू बनाउनु भएको होला ? तर जे होस् नियमहरू जस्तो सुकै बनाइए तापनि भिक्षुणी शासन शुरुवात भइसकेपछि भिक्षुणीहरूले भिक्षुहरूको दाँजोमा पुगी बुद्ध शिक्षा हासिल गरि छाडे। भिक्षुहरू जसरी अग्र श्रावक बने त्यसरी नै भिक्षुणीहरू पनि अग्र श्राविका वन्न सफल भए भने कतिपय भिक्षुणीहरू अरहन्त बने। यसरी महिला प्रतिभाको कमी रहेन।

संगायना पछिको त्रिपिटकमा बुद्ध स्वयम्ले भन्नु भएको उपदेशको साथै अन्य कुराहरू पनि समाविष्ट रहेको कुरा बुझिन आउँछ। उदाहरणको लागि विनय पीटकको चुल्लवग्ग पुस्तकमा उल्लेख भए अनुसार प्रथम संगायना पछि संगायना आचार्यहरूको समूह पुराण नाम

गरेको अरहन्त भिक्षु समक्ष गई संगायनाको समाचार सुनाउन पुग्नु भएछ । अनि भिक्षु पुराणले सोध्नु भएछ- “कसरी संगायना गर्नु भएको ?” भिक्षुहरूले सबै कुरा सुनाउनु भएछ । उहाँहरूको कुरा सुन्नुभएपछि भिक्षु पुराणले भन्नु भएछ-“मैले त बुद्धबाट जसरी उपदेश सुनेको छु, त्यसलाई मात्र मान्यता दिन्छु, त्यही अनुरूप आफ्नो आचरण गर्नेछु ।”

यस घटनाले भनिरहेको छ, संगायना आचार्य स्थविर भिक्षुहरूले त्रिपिटकमा बुद्धोपदेशित केही शिक्षालाई संशोधन गरी आ-आफ्नो विचारहरू पनि समिश्रण गर्नु भएको रहेछ । भिक्षुणी संघ बारे अनुसन्धान गर्नुहुने अनुसन्धानकर्ताको भनाई अनुसार प्रजापती गौतमी भिक्षुणी बन्नुहुँदा वनाइएका आठवटा “गरु नियमहरू” बुद्ध जीवित अवस्थाको नभई बुद्ध परिनिर्वाण भइसकेपछि थपिएका नियमहरू हुन् । यी नियमहरू केही कट्टरपन्थी थेरवादी भिक्षुहरूले थपेका नियमहरू हुन् । यी नियमहरूले बुद्ध शिक्षामा गौरवताका साथ समाविष्ट भैरहेको समानतावादी नियमलाई आधार हीन बनाइरहेको छ ।

आजको छलफल कार्यक्रममा त्रिपिटकमा अन्य भिक्षुहरूको विचारहरू पनि समाविष्ट रहेको विषयमा जति पनि कुराहरू उठिए, त्यसको मतलब त्रिपिटकमा बुद्धको मौलिक उपदेश रहेको छैन भन्न खोजेको चाहिं होइन । यहाँहरूले अन्यथा नठान्नु होला । मूख्य कुरो के हो भने त्रिपिटकमा उल्लेखित सबै उपदेशहरू बुद्ध उपदेश मात्र नभई पछि केही कुराहरू हेरफेर भैसकेको छ भन्ने कुरालाई अरहन्त भिक्षु पुरानको कथनले नै प्रष्टाइरहेको छ भन्न खोजिएको मात्र हो । जेहोस्, रमाइलो लाग्यो हामीलाई आज । किनभने नयाँ महिला सहभागीको प्रश्न ज्यादै सान्दर्भिक रह्यो विवादस्पद विषय भएपनि ।

*अर्का एकजना सहभागी-*

भ्रम पैदा हुने कुरा तर्फ नलागौं । बुद्धको मौलिक उपदेशबारे छलफल गरौं न । त्यसैले बुद्ध र बुद्धको शिक्षाबारे केही जानकारी लिन पाए हुने थियो ।

*आयोजक-* राम्रो कुरा उठाउनु भयो तपाइँले । सर्वप्रथम त सम्यकदृष्टि (ठीक तरिकाले बुझ्न सक्ने) हुनुपर्‍यो नि ।सही समझदारी हुनुपर्‍यो । पुराना कुसंस्कार लाई छोड्नु पर्‍यो !

बुद्धले भन्नुभएको छ, अरूले नराम्रो कुरा बोलेपनि, नराम्रो काम गरेपनि आफूले क्रोध नगर्नु । बरू अरूले बोलेका नराम्रा कुरा र गरेका नराम्रा कामहरू मध्येमा कुनै कुरा वा काम आफूले पनि बोलेको छ वा गरेको छ छैन त्यतातिर पनि ध्यान दिनु बेश हुनेछ । तर यसरी बुद्ध शिक्षा पालन गर्ने बानी धेरै जसोमा देखिंदैन ।

अझ हामीले आफ्नो जीवन सुखपूर्वक विताउनु छ भने, बुद्ध शिक्षानुसार आचरण गर्ने हो भने हामीले आफूलाई कसैले बेकारमा गाली गरेपनि त्यसलाई बिर्सने बानी बसाल्नु पर्छ । त्यति मात्र होइन आफूले अरूलाई उपकार गरेको छ भने त्यस कुरालाई पनि बिर्सने गर्नुपर्छ । अनिमात्र दु:खबाट मुक्ती पाउन सकिनेछ । अनि मात्र हामीले सम्यक दृष्टिलाई प्रयोग गर्न सकिनेछ, तब हामी बुद्धको सही अनुयायी अर्थात् बुद्धमार्गी बन्न सक्नेछौं । यही बुद्ध शिक्षा हो ।

लौ त आज त थुप्रै गहकीला कुराहरूको विषयमा छलफल गरियो । धेरै समय पनि बितिसकेको रहेछ । ध्यान दिएर मन लगाएर यस कार्यक्रम चलाउन सहयोग पुर्‍याउनु भएकोले सबै सहभागीहरूलाई धन्यवाद छ । आजलाई यति नै । अरु पछि । ■

## हामी अज्ञानी

**- विभोर बराल**
*टंगाल, काठमाडौं*

भट्केका छौं हामी सांसारीक मोहजालमा
डुबेका छौं हामी दु:खको सागरमा
अल्झेका छौं द्वेषमा च्यापेका छौं लोभ
प्रभु यी अवगुणबाट छुट्कारा देऊ हामीलाई
प्रभु तिम्रो शरणमा लेऊ हामीलाई

धन भएमा हुन्छ लुटिने डर
कर्मको पथ मोहले ढाकिने डर
तर विद्याले दिन्छ सबैलाई अमरजीवन
प्रभु त्यै अमरत्वमा डुब्न देऊ हामीलाई
प्रभु तिम्रो शरणमा लेऊ हामीलाई



Downloaded from http://www.dhamma.digital

# थेरवाद बुद्ध धर्म

सबभन्दा पहिले धर्मकीर्ति पत्रिकाको छलफलकार्यक्रमबाट केही प्रश्नहरू उब्जिएको हुनाले म आफ्नो विचार भनुं वा प्रश्न राख्न चाहन्छु । अस्तिको छलफल कार्यक्रममा उपस्थित हुन नसकेपनि साथीहरूबाट सुने अनुसार "थेरवाद बुद्धधर्म बुद्धकालिन समयको होइन" भन्ने बिषयमा अलिकति अस्पष्टता देखिएको हुनाले त्यही विषयमा कुरा गर्दैछु । भनेर यो लेख लेख्दैछु । थेरवाद बुद्धधर्म कुन समयको भनेर बुझाउनु भन्दा पनि थेरवाद भनेको केहो भनेर बुझ्न सक्यौं भने अझ बढी स्पष्ट हुन्थ्योकि ! मेरो विचारमा यो साम्प्रदायीक शब्द पनि होइन । साम्प्रदायीक त त्यो बेला हुन्छ जब संकुचित भावना बोकेको हुन्छ । अरूको हित भएको हेर्न चाहँदैनन् ।

सबभन्दा पहिले थेरवाद शब्दलाई बुझौं । अवश्य पनि यो शब्द बुद्ध परिनिर्वाण पछि मात्र सुन्नमा आएको हो, तर कसरी ? स्थविर (थेर) वादको अर्थ हो बुढोवाद । पाको मान्छेलाई स्थविर भन्ने गरिन्छ । यो बुद्ध परिनिर्वाण भएको १०० वर्ष पछि भिक्षुहरूबाट विनयका केहि कुराहरू बेवास्ता गर्न थालेपछि त्यसलाई मिलाउन धर्म र विनयको विषयमा द्वितिय संगायन भयो । जसमा पाको (बुढो) भिक्षुहरू बुद्धको मौलिकता प्रति कट्टरपन देखाएको हुनाले आर्यस्थविर अथवा स्थविरवाद भनियो र अर्कोलाई महासांघिक भनियो । अब कुरो आयो थेरवाद बुद्धधर्मको । थेरवादको अर्थ त मैले भनिहालें, बुद्धधर्म भन्नाले बुद्धले प्रतिपादन गर्नुभएको धर्म भएर बुद्धधर्म भनिएको हो । अब यहाँ बुद्धको अर्थ बुझ्नु पर्ने हुन्छ । बुद्ध कुनै व्यक्ति विशेषको नाम होइन, संसारको स्वभाव बोध भएको व्यक्ति वा बुझेको व्यक्तिलाई बुद्ध भनिन्छ । व्यवहारमा बोलि चालिको लागि 'बुद्धधर्म' प्रयोग गर्दैमा साम्प्रदायीक हुँदैन । संज्ञा विशेषगत हुनै पर्‍योनि ! त्यहि संज्ञा विशेषलाइनै साम्प्रदायीक भन्ने हो भने 'शुद्ध धर्म' अथवा जुनसुकै नाम दिएता पनि साम्प्रदायीक हुन सक्छ । अनि शुद्धधर्म भन्नासाथ अर्को भ्रम सिर्जना हुन सक्छ । यहाँत देवीथानमा भोग दिएर पूजा गर्नेहरूले पनि शुद्ध धर्म मानिरहेका छन् । हरेक धर्मावलम्बिहरूले आफुलाई शुद्ध धर्म नै मान्छन् ।

त्यसैले बुद्धधर्म भनेर धर्मको अगाडि बुद्ध शब्द (जुन गुणवाचक शब्द हो) राख्दा बुद्धप्रति कृतज्ञता भाव देखाएको हुन सक्छ । उदाहरणको लागि कुनै पनि वैज्ञानिकहरूले प्रतिपादन गरेको सिद्धान्तमा उनीहरूको नाम जोडिएको हुन्छ जस्तै गुरूत्वाकर्षण सम्बन्धि न्यूटनको नाम आउँछ, विद्युतिय चाल सम्बन्धि Ohm's law त्यस्तै Jule's law, Farade's law आदि । यो संज्ञा दिन यसकारण पनि आवश्यक छ कि त्यो सम्बन्धि सिद्धान्त अरू कसैले निकालेको छ भने यसको सिद्धान्त अनुसार यो, यसको सिद्धान्त अनुसार यो भनेर देखाउन सक्ने हुन्छ । छुट्याउन सक्ने हुन्छ । त्यस्तै विभिन्न धर्महरू ... । धर्मको शुद्धता नाममा होइन मानिसहरूको व्यावहारिक आचरणमा निर्भर रहेको हुन्छ । त्यसकारण मेरो विचारमा हामीले बुद्धधर्मनै भन्नु पर्छ र बुद्धको शिक्षा प्रचार गर्नु पर्छ । मुख्य कुरा त बुद्धको सिद्धान्तमा छ । बुद्धधर्मनै भन्नु पर्ने अर्को एउटा कारण पनि छ । 'बुद्ध' यो आध्यात्मिक शब्द हो । यसमा नौ वटा गुण लुकेको छ । यस्तो यस्तो कुरा भएको धर्म भन्नलाई संक्षेपमा बुद्धधर्म भनिएको हो । यस उसले गर्दा खेरि बुद्ध धर्मलाई हामीले साम्प्रदायीक भन्न मिल्दैन । यो सार्वजनीन हो । बुद्ध धर्मलाई बुद्ध शिक्षाको रूपमा लिनु पर्दछ ।

यस बुद्धधर्मलाई साम्प्रदायीकताको लान्छना लगाउनु वा विकृति सम्झने हो भने मेरो विचारमा बुद्धलाइ नै गौण गर्नु वा अवमुल्यण गर्नु हुनेछ । बुद्धले आफ्नो उपदेशमा कहिंपनि बुद्धधर्म भनि उल्लेख गर्नु भएको छैन भन्ने कुरामा पनि एउटा कुरा हामीले बुझ्नु पर्छकि, बुद्धले आफूलाई बुद्धभएको घोषणा गर्नुभएको छ कि छैन ? अनि बुद्धले अनुसन्धान गरेर दिनु भएको धर्मलाई बुद्धधर्म भन्नुमा कुनै अप्ठचारो मान्नुपर्ने जस्तो देखिदैन । बुद्धले बुद्धधर्म भनेको छैन त्यसैले बुद्ध धर्म

भन्नु पर्दैन भन्नुको मतलव बुद्धले आफूलाई 'मपाईं' भनेको छैन त्यसैले हामीले पनि 'तपाईं' भन्न नहुने भने जस्तै भएन र ? यदि धर्म मात्रै भन्यो भने पनि झन अन्यौलमा पर्ने हुन्छ ।

यदि बुद्धधर्म भन्दैमा साम्प्रदायीकता झल्कन्छ भने जुन नाम दिएपनि साम्प्रदायीक भनिहाल्छ । वास्तवमा थेरवाद बुद्धधर्म भनेको मैले बुझे अनुसार शुद्ध बुद्ध धर्मनै भनेको हो । होइन त ? अवश्य । यसमा विकृति ल्याउने काम हामीबाट हुनु हुँदैन । नाम फेर्नु पर्ने कुनै जरूरी पनि छैन । मैले पनि सत्यनारायण गोयन्काजीको प्रवचन सुनेको छु । वहाँले त "धर्म भनेको बुद्धधर्म, हिन्दु धर्म, इशाई धर्म.......हुनु हुँदैन । धर्म धर्महो जुन सबैको लागि लागु हुन्छ ।" यसरी प्रवचन दिनुको अर्थपनि हामीले बुझिदिनु पर्छ । बुद्धको अर्थ नबुझ्ने अरू धर्मावलम्बिहरूलाई बुद्धको शिक्षा दिने भन्यो भने आउँदैनन् । माथी भने जस्तै बुद्धको अर्थ लगाएर यस्तो यस्तो धर्म भनिदियो भने सबैलाई प्रभाव पार्न सकिन्छ । वास्तबमा बुद्ध धर्म भन्नु र बुद्ध शब्दको अर्थ व्याख्या गरेर धर्म भन्नु एउटै कुरो हो । किनभने बुद्धद्वारा देशित धर्म आदि, मध्य, अन्त्यसम्म कल्याण हुने, यहाँको यहिंनै फल दिने, सबैको लागि र कुनैपनि समयमा लागु हुने र आफैले चिन्तन मनन् गरि बुझ्नसक्ने आदि कुरा समावेश भएको छ । यसबारे अलिकति प्रष्ट पारिदिनु हुन अनुरोध गर्दछु । ■

## जीवन-सन्देश

– बेखारत्न शाक्य
*ह:खा, यल*

मृत्यु जुइगु सीक सीकं
पाप भ्रीसं याय्‌गु छाय् ?
स्वर्ग तोता नर्क वनेगु
कार्य भ्रीसं याय्‌गु छाय् ?

धर्म तोता: पाप याना:
दु:ख जुल थौं धाय्‌गु छाय् ?
दु:ख सुखया हेतु थ्वीका:
ज्ञानं खंका छाय् मकाय् ?

भक्तिभावं फुकं थ्वीका:
बुद्ध धर्म व संघया
शरण तोता मरण ज्वीगु
दु:ख जक थौं छाय् फ्वने ?

भ्रीगु संसारयात थ्वीका:
बुद्ध धर्मय् भ्री च्वना
दु:ख फुका: सुख हय्‌त
यत्न भ्रीसं छाय् मयाय् ?

भ्रीगु आयु नित्य मखुगु
सीके भ्रीसं छाय् मफु ?
म्वाय्‌गु समय धर्म मदुसा
स्वर्ग भ्रीपिं गय् वनी ?

कर्मयात दोष बिइवं
स्वर्ग भ्री गय् वने खनी ?
कालयात दोष बिइवं
अमर भ्रीपिं गय् जुइ ?

भ्रमर तय्‌सं स्वाँ सिमाया
काइगु थें रस सदां
छाय् मकाय् भ्रीसं नं आ:
धर्मयागु रस सदां ।



Downloaded from http://www.dhamma.digital

# इतिहास

– प्रकाश वज्राचार्य

आफ्नो २६०० वर्षको इतिहासमा बुद्धको विचार धाराले विश्वका अधिकांश जनतालाई र एसियाका अधिकांश राष्ट्रहरूलाई प्रभावित पार्न सकेको कारण यो हो कि बुद्धको विचारधारा समय र अवस्था अनुसार परिवर्तनीय छ। भारतको वैदिक एवं जैन धर्म, तिब्बतको बोन धर्म, चीनको ताओ र कन्फ्यूशियस धर्मले विश्वजनीन रूप लिन सकेन हालांकि यी धर्महरू वर्तमान्मा पनि सक्रिय नै छन्। अन्य कतिपय धर्म, वाद एवं सिद्धान्तहरू आफ्नो चरम शिखरमा पुगेर पनि लोप भइसकेका छन् । देश, काल र परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्न नसक्नाले यिनीहरू व्यापक हुन सकेनन् । उदाहणार्थ वैदिक धर्मको चार वर्णाश्रमको धारणा भारत बाहिर फाप सिद्ध भएन र कुनै बेला इण्डोनेसिया समेत पुगिसकेको धर्म आज भारतमा मात्रै सीमित रहनु पऱ्यो ।

आफ्नो परिनिर्वाणको समय बुद्ध स्वयंले ठाउँ र परिस्थिति हेरी सानातिना नियमहरू परिवर्तन गर्न हुने कुरा भिक्षु आनन्दलाई बताउनु भएको थियो । भिक्षु संघको लागि विभिन्न नियमहरू समय र परिस्थिति अनुसार बुद्धले अलग अलग बेला बनाउनु भएको थियो। स्थान अनुसार नियम परिवर्तन हुने कुरा भिक्षु सोण कुटी कर्णलाई दुर्गम क्षेत्रहरूमा कम भिक्षुहरू मात्र बसेर पनि नौलो व्यक्तिलाई भिक्षु बनाउनु हुने नियमबाट स्पष्ट हुन्छ। स्थान र समय अनुसार परिवर्तन हुन सक्ने बुद्ध-धर्मको विशेषता हो, र सोहि कारण बुद्ध-धर्मले बिना रगत बगाई, बिना लोभ लालच देखाई विश्वका अधिकांश जनतालाई आकर्षित गर्न सफल भएको हो । परिवर्तनशीलताको यो कारण बुद्ध-धर्मको विकासको क्रममा थुप्रै उतार चढावहरू आए, र थुप्रै सम्प्रदायबने, जुन कि स्वाभाविक थियो । यो विकासक्रम १२ औं शताब्दीमा आएर चाहिं ठ्याम्मै रोकियो जब एसियामा इस्लाम धर्मको प्रभुत्व जम्यो । प्राय: व्यक्तिहरूले भारतमा बुद्ध-धर्मको लोप हुनुमा वैदिक (हिन्दू) धर्मको हात भएको विश्वास गर्दछन्, जुनकि ठूलो भ्रम हो । भारत र इण्डोनेसियाका देशहरूमा बुद्ध-धर्म लुप्त हुनुमा इस्लाम धर्मको प्रमुख भूमिका रहेको छ, न कि वैदिक धर्मको। यो कुरा सत्य हो कि वैदिक धर्म र बुद्ध-धर्ममा आरम्भ कालदेखि नै प्रतिस्पर्धा हुदै आएको थियो, तर पनि दुबै सँगसँगै विकसित भएका थिए र एकले अर्कोलाई ठूलो प्रभाव पारेको थियो । वैदिक धर्मले बुद्धलाई कालान्तरमा स्वयं उनीहरूकै ईश्वर (अवतार) को रूपमा समेत स्वीकार गरिसकेको थियो । दुई धर्महरू बीच यति घनिष्ठ प्रतिस्पर्धा थियो कि कतिपय कुराहरूको शुरुआत कुन धर्मबाट भएको हो भनी किटान गर्न पनि कठीन छ। कुनै कुनै विषय र सम्प्रदायहरू यस्ता पनि छन् कि बुद्ध-घर्मका हुन वा वैदिक धर्मका हुन् भनी छुट्याउन पनि कठीन छ ।

समय अनुरूप उत्पन्न भएका विभिन्न बौद्ध सम्प्रदायहरूलाई मूलत: दुई मुख्य सम्प्रदायहरूमा विभाजन गर्न सकिन्छ– महायान र हीनयान (थेरवाद)। महायानले समय र परिस्थिति अनुसार आफूलाई धेरै बदल्न सक्यो र अधिकांश देशहरूमा यसले प्रभुत्व जमाउन सक्यो । तर परिवर्तन माथि परिवर्तन थपिँदै जानाले महायानमा यस्ता सम्प्रदायहरू पनि निस्के जसको विचारधारा बुद्धका मूल सिद्धान्तबाट ठ्याम्मै विपरित थिए। अर्कोतिर हीनयान कट्टरवादी थियो; समय र परिस्थिति अनुसार आफूलाई बदल्न चाहँदैनथ्यो र त्यसैले महायानले जस्तै समाजको ठूलो वर्गलाई यसले प्रभावित पार्न सकेन। हाल श्रीलङ्का, म्यान्मार (बर्मा), थाइलैण्ड, लाओस र कम्बोडियामा हीनयान सक्रिय छ। हुनत थेरवाद (हीनयान) मा पनि परिवर्तन नभएका होइनन् तर आफ्नो यथास्थितिवादी सिद्धान्तको कारण ठूलो परिवर्तन आउन सकेन। हीनयानको यथास्थितिवाद आज आएर एक किसिमले राम्रो पनि ठहरियो। यसको कारण बुद्धको मौलिक विचारधारा यसमा अध्ययन गर्न

सकिएको छ । हीनयानको मूल ग्रन्थ त्रिपिटकको अध्ययन गर्दा स्पष्ट हुन्छ कि ती ग्रन्थहरूमा थुप्रै कुरा पछि थपिएका थिए । तर पनि मूल विचारधारा सुरक्षित नै राखिएको पाइन्छ । त्यसैले बुद्धको दर्शन, विचारधारा र जीवनीको सबभन्दा भरपर्दो आधार हाललाई हीनयानी (पालि) साहित्य नै भएको छ ।

महायान र हीनयान कसरी विकसित भए, बज्रयान तन्त्रयानहरूको उदय कसरी भयो, त्यसको विवेचना क्रमिक रूपमा गर्ने छौं । हाललाई संक्षिप्तमा यति नै ज्ञान राखौं कि बज्रयान र तन्त्रयान दुबै महायानका शाखा हुन् । हीनयानको मूल लक्ष्य निर्वाण प्राप्त गर्नु हो । जबकि महायानको मूल लक्ष्य बुद्ध बन्नु हो । प्रत्यक्ष छ कि यी शब्दहरू हीनयान (तुच्छ वाहन) र महायान (महान् वाहन)– महायानीहरूद्वारा प्रतिपादित भएका हुन् ।

ईसा पूर्व ४८३ को वैशाख पूर्णिमा मङ्गलबारको दिन ८० वर्षको आयुमा कुशिनगरमा तथागतको महापरिनिर्वाण भयो । तत्काल उपस्थित भिक्षुहरूमा ठूलो रूवाई चल्यो । तर भिक्षु अनुरूद्ध जस्ता अर्हतहरूले प्रकृतिको सबै कुरा अनित्य छन् भनी सबैको मन बहलाए ।

त्यतिबेला तत्कालिन जेष्ठतम भिक्षु महाकाश्यप पावा र कुशीनगरको बीच बाटोमा थिए । बुद्ध परिनिर्वाणको कुरा सुन्नासाथ उहाँसँगै हुने कतिपय भिक्षुहरू शोक सन्तप्त भए । तब बूढो भइसकेपछि भिक्षु भएका सुभद्र नामको वृद्धले भने, "बेशै भयो ? यो नगर्नू, ऊ नगर्नू भन्ने त कोही रहेन ! अब हामी मुक्त भयौं !!" तब महाकाश्यपलाई लाग्यो कि बुद्धको परिनिर्वाण पछि बुद्ध-धर्मको भविष्य खतरापूर्ण छ । भिक्षु महाकाश्यप कुशीनगर पुगेपछि मात्रै बुद्धको अन्तिम दाह संस्कार गरियो ।

बुद्ध परिनिर्वाणको खबर सुन्नासाथ विभिन्न देशहरूले बुद्धको अस्ति धातु (हड्डीको अवेशष) माथि आफ्नो दावी प्रस्तुत गर्न थाले । सो कारण राज्य राज्यहरू बीच महासंग्राम हुने अवस्था आइपुग्यो । अनि द्रोण नामको एक ब्राह्मणले शान्तिको प्रवर्तक बुद्धको अस्तिको लागि युद्ध गर्नु ठूलो मूर्खता हुनेछ भनी सबैलाई सम्झाए पछि बुद्धको अस्थि धातु सबैले बाँडेर लिने निधो गरे । सो अनुसार मगध, वैशाली, कपिलवस्तु, अल्लकल्प, रामग्राम (वर्तमान परासी, नेपाल), वेठदिप, पावा र कुशीनगर राज्यहरूले एक एक भाग पाए र ती सबैले आ-आफ्नो राज्यमा सो अस्थि राखी स्तूप बनाए । भागबण्डा सकिए पछि ढिलो पुग्ने पिप्पलीवन (वर्तमान पिरहवा, नेपाल ?) का प्रतिनिधिहरूले बुद्धको खरानी मात्र लिएर सन्तोष गर्नु पऱ्यो ।

बुद्धको पालोमा लेखन क्रियाको विकास भइसकेको भएता पनि धार्मिक उपदेशहरूको सङ्कलन गरी ग्रन्थ लेख्ने चलन चलेको थिएन । बुद्धले विभिन्न समयमा विभिन्न अवस्थामा प्रवचन गर्नु भएका शिक्षाहरू एवं लागु गरिएका नियमहरूको विशाल भण्डारलाई बुद्ध परिनिर्वाण पछि सङ्कलन गरी एकै ठाउँमा राख्न अत्यन्त जरूरी थियो किनकि बुद्धले कसैलाई पनि आफ्नो उत्तराधिकारी नछोडी बुद्धको धर्म र विनयलाई नै आफ्नो उत्तराधिकारी घोषणा गरी परि निर्वाण हुनु भएको थियो । तत्कालीन जेष्ठतम भिक्षु महाकाश्यपले सो कार्य सम्पादन गर्न गण्यमाण्य भिक्षुहरूको महाधिवेशन गर्ने निधो गरे । बुद्धधर्मको इतिहासमा यस्ता धेरै महाधिवेशनहरू भएका थिए जसलाई संगायना भनिन्छन् । मैले यहाँ थेरवादीहरूले गरेका प्रसिद्ध महाधिवेशनलाई मात्रै संगायना शब्द प्रयोग गरेको छु र यस्ता ६ संगायनाहरू छन् । अन्य महासम्मेलनहरूलाई मैले महाधिवेशन शब्द प्रयोग गरेको छु ।

बुद्ध परिनिर्वाणको तीन महिना पछि बुद्धको धर्मलाई स्थायित्व दिन भिक्षु महाकाशयपको अध्यक्षतामा, राजा अजातशत्रुको संरक्षणमा राजगृहमा भिक्षुहरूको अधिवेशन बस्यो जुन प्रथम संगायनाको नामले प्रख्यात भयो । सात महिनासम्म चलेको सो संगायनामा ५०० अर्हत् भिक्षुहरूले भाग लिएका थिए । सो संगायनामा भिक्षु आनन्दमाथि केही दोषारोपण पनि गरिएको थियो जसको समुचित स्पष्टिकरण आनन्दले दिएका थिए । सो सम्मेलनमा भिक्षु संघको लागि बुद्धले बनाउनु भएका नियमहरू हजामबाट भिक्षु बनेका उपालि



Downloaded from http://www.dhamma.digital

भिक्षुले क्रमबद्ध रूपमा प्रस्तुत गरे । बुद्धका उपदेशहरू चाहिं २५ वर्षसम्म छायाँ जस्तै लगातार बुद्धको सँगै बसिराखेका भिक्षु आनन्दले क्रमबद्ध रूपमा प्रस्तुत गरे । सम्मेलनमा अनुरूद्ध, वंगीश, पूर्ण कात्यायन, कोट्ठित आदि भिक्षुहरूले पनि महत्वपूर्ण योगदान गरे ।

बुद्धले विभिन्न व्यक्तिलाई विभिन्न किसिमले उपदेश दिनु भएको थियो । सो बुद्धका उपदेशलाई आफ्नै तरिकाले बुझ्नेहरूको पनि कमि थिएन । प्रथम संगायना सकिए पछि सोको जानकारी पाएपछि पुराण नामको वयोवृद्ध अर्हत्ले सोमाथि टिप्पणी गर्दै भने कि संगायनामा सम्पादन भएको भन्दा भिन्नै कुरा उनले व्यक्तिगत रूपमा बुद्धबाट सुनेका थिए र सोकै अनुरूप आफू चल्ने कुराको घोषणा गरे । स्पष्ट छ प्रथम संगायनाले बुद्धका सबै विचारधारालाई समावेश गर्न सकेको थिएन ।

प्रथम संगायना पछि बुद्धको अन्तिम आदेश अनुरूप भिक्षु संघले छन्न भिक्षुलाई दण्ड दियो । सो दण्ड अनुरूप सबै भिक्षुले उनको बेवास्ता गरे । छन्नले आफ्नो गल्ती महसुस गरे र पश्चाताप गरे ।

वैशालीको शक्ति उनीहरूको एकजुटतामा निहित रहेको कुरा थाहा पाए पछि मगधको मन्त्री वर्षाकार ब्राह्मणले वैशालीका लिच्छवीहरूलाई फुटाउने षडयन्त्र रच्न थाले । सो अनुरूप उनी राजा अजातशत्रुसँग झगडा गरी वैशालीका लिच्छवीहरूसँग मिल्न गए । त्यहाँ बसी उनले भित्रभित्रै लिच्छवीहरू बीच फुट पैदा गरे । आन्तरिक रूपमा वैशाली कमजोर भइसकेपछि राजा अजातशत्रुले आक्रमण गरी वैशालीलाई जितिलिए र झन शक्तिशाली भए । कालान्तरमा अजातशत्रु उनकै छोरो उदयभद्रको हातबाट मर्नुपऱ्यो ।

प्रथम संगायनाबारे यो कुराको महत्व बुझ्नु आवश्यक छ कि त्यतिबेला धर्म (उपदेश) र विनय (भिक्षु नियम) को मात्रै सम्पादान गरिएको थियो । अभिधर्म (बौद्ध दर्शन) को सम्पादन भएको थिएन । यो कुराको महत्वपूर्ण छलफल हामी केही क्षणपछि गरौंला । प्रथम संगायना पछि भिक्षु आनन्दले बुद्ध-धर्मको ठूलो प्रचार गरे । माध्यान्दिन र शाणवाशी नामका शिष्यहरूले उनलाई ठूलो योगदान गरे । पछि आनन्द गंगा नदीको तिरमा बस्न गए । जहाँ १२० वर्षको उमेरमा बुद्ध परिनिर्वाणको ४० वर्ष पछि उनको देहावसान भयो ।


बुद्ध परिनिर्वाणको १०० वर्षपछि पूर्व र पश्चिमका भिक्षुहरूमा मतभेद उत्पन्न भयो । पूर्वका, बिशेषत: वैशालीका, भिक्षुहरू प्रगतिशील थिए । बुद्धको उपदेश सकेसम्म बढि प्रचार गर्न र सर्वसाधारणलाई पनि भिक्षु जीवन सुलभ गराउन तिनीहरूले बुद्धले आफ्नो अन्तिम समयमा भन्नुभए जस्तै बुद्धले बनाउनु भएका केही सानातिना नियमहरूमा परिवर्तन चाहे । गाउँ गाउँ नगर नगर चारिका गर्दै बुद्धको विचारधारा प्रचार गर्नु पर्ने हुनाले दश मागहरू तिनीहरूले राखेका थिए, जुन कि पटक्कै अस्वाभाकि थिएन । ती मध्ये केही थिए- ठ्याम्मै अपरान्ह (१२ बजे) भन्दा केही मिनेटसम्म ( “आफ्नो टाउको=को छाँया खुट्टाले टेकेभन्दा दुई अंगुल लामो भएसम्म”) भोजन गर्नु हुने, नगण्य मात्रमा भिक्षुहरूले नून बोक्न पाउनु पर्ने, थकाइको कारण एकै दिनमा अपरान्ह भित्रै दुई ठाउँमा भोजन गर्न पाउनु पर्ने, पैसा र सुन चाँदी छुन हुने, आदि थिए । यहाँ यो कुराको उल्लेख पनि सान्दर्भिक छ कि बुद्ध जीवित छँदा पनि भिक्षुहरूले स्वर्ण मुद्रा छुन पाउँछ पाउँदैन भन्ने कुरामा विवाद भएको थियो ।

प्रगतिशील पक्षबाट राखिएका यी भिक्षु-विनयका परिवर्तनहरू परम्परावादीहरूले रूचाएन र फलत: भिक्षु संघमा विद्रोहको स्थिति आयो । तत्कालिन् वरिष्ठ भिक्षु रेवतलाई परम्परावादीहरूले आफ्नो पक्षमा लिए भने उनको शिष्य भिक्षु उत्तरलाई प्रगतिशील भिक्षुहरूले आफ्नो हातमा लिए । परम्परावादी वृद्धहरू एकातिर थिए भने प्रगतिशील युवाहरू अर्कोतिर थिए । फलत बुद्ध परिनिर्वाणको ठीक १०० वर्षपछि ई.पू. ३८३ मा शक्तिशाली मगधको राजा कालाशोकको संरक्षणमा परम्परावादी वृद्ध भिक्षुहरूले दोस्रो संगायनाको आयोजना गरे । बैशालीमा (त्यतिबेला मगधको आधिपत्य भएको शहर) ७०० अर्हत्हरूको सहभागिता रहेको ८ महिनासम्म चलेको सो सम्मेलन परम्परावादी वृद्ध

भिक्षुहरूको थियो र त्यसैले स्थविर (=वृद्ध) वाद वा थेरवादको नामले प्रख्यात भयो। यहि थेरवाद मात्रै आज आएर बुद्धको मौलिक विचारधारा लिएर हाम्रो अगाडि उपस्थित छ। हीन यानको एकमात्र प्रतिनिधि आज हाम्रो सामु यही मात्र छ।

प्रगतिशील युवा भिक्षुहरू संख्यामा थेरवादीभन्दा बढीं थिए। तिनीहरूले पनि आफ्नो छुट्टै महाधिवेशन कौशाम्बीमा राजा मंडलीको संरक्षणमा गरे। सो अधिवेशनमा बढी भिक्षुहरूको सहभागिता हुनाले त्यसबाट बनेको सम्प्रदायलाई महासांघिक भनियो। उक्त अधिवेशनको अध्यक्ष (सभापति) अर्हत् भिक्षु महादेव थिए।

क्रमशः




**बौद्ध सम्प्रदायहरूको विकासक्रम**



Downloaded from http://www.dhamma.digital

# कर्म र कर्मफल–२

*- भिक्षु अश्वघोषद्वारा लिखित, भिक्षु संघरक्षितबाट अनुदित*

**नराम्रो नियतको फल :**

एकजना वैद्य औषधी-उपचार गर्न विरामी व्यक्ति खोज्दै गाउँ-गाउँमा घुम्न गएछ । एक महिलाको आँखा दु:खीरहेको धेरै दिन भइसकेको थियो । वैद्यले त्यो महिलालाई भेट्यो । उसले सोध्यो– तिम्रो आँखा दु:खेको कति भयो ?

महिलाले जवाफ दिइन्– धेरै महिना भइसक्यो आँखा दु:खीरहेको तैपनि निको भएकै होइन ।

वैद्यले भन्यो– मैले औषधि गर्नुहुन्छ ? आँखा दु:खेको निको भएमा मात्र पैसा दिनुहोला ।

महिलाले भनी– मसँग पैसा छैन । मेरो आँखामात्र निको पार्नुभएमा म सहित छोराछोरीहरू पनि तपाईंको दास बनेर रहनेछौं ।

वैद्य अति जान्ने व्यक्ति थिए । छिट्टै आँखा निको हुने औषधि राखिदियो । दुई-तीन दिनमा नै आँखा सफा भयो । उनीलाई सन्चो भयो ।

त्यस महिलाले विचार गरिन्- आँखा निको पारेमा नोकर बन्ने कुरा प्वाक्कै भनेछु । चांडै निको नहोला भनी सोचेको थिएं । अब दासी हुन नपर्ने कुनै उपाय गर्नुपर्ला ।

तिनले नराम्रो नियत राखेर असत्य कुरा बोल्ने विचारमा पुगिन् । वैद्य आएर सोध्यो अब आँखा कस्तो छ नि ? सन्चो भएन र ?

वैद्यले तिनको आँखा सफा भएको देख्यो तर ती महिलाले भनिन्- वैद्यज्यू, आँखा निको भएको छैन । राती भयो कि आँखा दुखेर आँसुमात्र बगिरहन्छ ।

यसरी तिनले भूठो कुरा बोलिन् । वैद्यले थाहा पायो, स-परिवार दास-दासी बन्नु पर्ला भनी तिनले नराम्रो नियतले भुठो कुरा भन्दैछिन् । उनीको चेतना र नियत राम्रो रहेनछ । नियतमा खराबी रहेछ । म यो महिलालाई अर्कै औषधी दिएर अन्धो गरिदिन्छु भनी वैद्यले पनि नराम्रै नियतले विषालु औषधी हाल्न लगायो । त्यो औषधी राख्ने बित्तिकै तिनी अन्धो भइन् । नराम्रो नियतले त्यो महिलाको आँखालाई अन्धो बनाएकोले पछि त्यो वैद्यले पनि अन्धो बनी विपाक भोग्नुपर्‍यो । यसैले गौतम बुद्ध चेतना नै कर्म हो भनी जोड दिनुहुन्छ ।

दान दिंदा पनि त्यसको फल प्राप्त हुने कुरा चित्त र चेतनाअनुसारले हुने हो । दान दिने बस्तु ठूलो-सानोको कुरा होइन । चित्त शुद्ध भएमा सामान्य र सानो बस्तुको दानको फल पनि महान् हुन्छ । मन अशुद्ध भएमा, देखावटी-आडम्बरीका लागि, नामको लागि, बानी राखेझैं मात्र दान दिंदा पनि त्यसको फल महान् हुन सक्तैन । त्यस्तो पुण्य पनि हुँदैन ।

**रोटी दान दिने कृषक नारी :**

बुद्धकालीन घटना हो । एकजना ज्यापुनी (कृषिका) आफ्नो लोग्ने खेतमा काम गरिराखेको बेला रोटी पकाएर ख्वाउन लाँदै थिई । त्यसबेला गौतम बुद्ध भिक्षाटनमा आउँदै हुनुहुन्थ्यो । ती ज्यापुनीले बुद्धलाई देखेर विचार गरिन्- आज गौतम बुद्ध स्वयं भिक्षाटनमा आइराखेका छन्, समयमै परेछ, अरूबेला भेट्दा पनि हातमा केही हुँदैनथ्यो । आज मसँग रोटी (भए) पनि छ । हुन त यो रोटी मेरो लोग्नेलाई ल्याएकी हूँ तर पनि यो रोटीको आधा भए पनि बुद्धलाई दान दिनेछु । लोग्नेसँग क्षमा मागेर नरिसाउन अनुरोध गर्नेछु ।

मनमा भएको अन्तर्द्वन्द्वपश्चात् खुब श्रद्धा राखेर शुद्ध हृदयले उनीले आधा रोटी भगवान् बुद्धको पात्रमा राखिदिइन् । भगवान् बुद्धले करुणाचित्तद्वारा आशीर्वाद दिनुभयो- सुखी होओस्, निरोगी होओस् ।

शुद्ध चित्तले दिएको आशीर्वाद लाग्छ पनि । प्रसन्न बनी तिनी सरासर लोग्ने बसेको खेतमा गइन् । लोग्नेले सोध्यो 'आज किन ढिलो भएको ?'

तिनले भनिन्- "स्वामी, क्षमा गर्नुहोस्, नरिसाइ प्रसन्न हुनुहोस् । आज मैले बाटोमा गौतम बुद्ध भिक्षाटन आइराख्नु भएको भेटें । श्रद्धाले आधा रोटी वहाँको पात्रमा हालिदिएँ ।"

लोग्नेचाहिँले सोध्यो - "बुद्धले के भन्यो त ?"

तिनले भनिन् - "सुखी होओस् ... ... भनी आशिर्वाद दिनुभयो ।

लोग्नेले रिसाउँदै भन्यो- "बुद्ध त ठग पो रहेछ । महिलाहरूलाई छलाउने पो रहेछ । जाबो आधा रोटी दान दिनेलाई सुखी होओस् ...' भनी आशीर्वाद दिन सक्ने । पिठोको रोटी दान दिएर पनि दु:खबाट मुक्त हुन

सक्ला र ? सुखी बन्न सक्ला र ? म गएर बुद्धकहाँ सोध्न जान्छु ।

ऊ सरासर बुद्धकहाँ पुग्यो । मन नलागी- नलागी वन्दना (=अभिवादन) गरेर सोध्यो- "भो भगवन्, आज तपाईंलाई एक महिलाले आधा रोटी दान दिईन् र ?"

गौतम बुद्धले भन्नुभयो- "हो उपासक, रोटी दान दिएकी हुन् ।"

उसले सोध्यो- "तपाईले के भनी आशीर्वाद दिनु भयो त ?"

गौतम बुद्धले भन्नुभयो- "सुखी होओस् ...' भनी आशीर्वाद दिएं ।"

उसले भन्यो-"शास्ता, तपाईं त ठग पो रहेछ । जाबो त्यस्तो रोटी दान दिँदैमा त्यो व्यक्ति सुखी हुन्छ र? दु:ख हराएर उनको जय हुन्छ र ?"

बुद्धले उसलाई सोध्नुभयो- "हे उपासक, तिमीले लहरेरूख देखेका छौ ? देखेका छौ भने कत्रो हुन्छ बताऊ ?"

उसले भन्यो- "हो, मैले देखेको छु । धेरै नै ठूलो हुन्छ ।"

बुद्धले फेरि सोध्नुभयो-"त्यो रुखको बीउ कत्रो हुन्छ त ?"

उसले भन्यो- " सानै हुन्छ नि । बीउ सानो भए पनि रुख त ठूलै हुन्छ ।"

बुद्ध भन्नुहुन्छ -"हे उपासक, तिमीले झूठो कुरा बोल्यौ । त्यत्रो रुखको बीउ पनि सानो हुन्छ र ? चिउरा कुट्ने ओखल जत्रो पो हुनुपर्छ ।"

उसले भन्यो-"बुद्ध भएर त्यति पनि थाहा छैन र ? रुख ठूलो भए पनि त्यसको बीउ सानो हुँदैन भनी ।"

अनि बुद्धले भन्नुभयो- "त्यसो हो त, हे उपासक, तिम्री श्रीमतीले दिएको आधा रोटी दानको फल मात्र किन ठूलो हुन सक्तैन ? वस्तु सानोको कुरा होइन । उसको चित्तको कुरा हो । तिम्री श्रीमतीको चित्त शुद्ध छ, चेतना राम्रो छ, मन सफा छ । यसर्थ महान् चित्तको फल पनि महान् हुन्छ । सच्चेतना नै असल कर्म हो ।"

गौतम बुद्धको कुरा सुनेर उसको चित्त बुझ्यो, प्रसन्नताले मन रमायो । उसको दृष्टि सीधा भयो । खुशी व्यक्त गर्दै बुद्धको शरणमा गयो, धर्म र संघको पनि । तत्पश्चात क्षमा मागेर फर्क्यो । पहिला-पहिलादेखि नै पिठोको रोटीलाई हेला गर्ने भएकोले होला, प्रकृतिले पनि आजकाल मानिसलाई अरु अन्नको सट्टा गहुँको रोटी खानुपर्ने रोग बनाएको छ ।

**कर्मफल दिने चारप्रकार :**

गौतम बुद्धको कथनअनुसार प्राणीहरूले गरेको उनीहरूको कामको फल दिने चार प्रकारका छन् । ती हुन् -

१. ***दिट्ठधम्म वेदनीय कम्म :*** आफूले गरेको कामको फल मरण पछि होइन, यही जन्ममा यहाँको यहीं आँखाले देखिने गरी दिने कर्म ।

२. ***उपपज्ज वेदनीय कम्म :*** यहाँबाट मरणपश्चात् अर्को जन्ममा मात्र फल दिने कर्म । पछि फल भोग गर्नुपर्ने, अर्को किसिमले भन्नुपर्दा आमा-बुबाको कर्मको छोरा-छोरीहरूले फलभोग गर्नुपर्ने कर्म ।

३. ***अपरापर वेदनीय कम्म :*** दुईभन्दा पछिल्लो जन्ममा मौका पर्नेबेला फलभोग गर्नुपर्ने कर्म ।

४. ***अहोसि कर्म :*** पञ्चमहापाप (आमा-बुबाको हत्या, अरहन्तको हत्या, बुद्धको शरीरबाट रगत निकाल्नु र संघभेद) बाहेक अर्को कुनै-कुनै कर्मको फल भोग गर्न नपर्ने कर्म । कुनै बीउ रोप्दा-छर्दा पनि नउम्रिए झैं, भुटिराखेको बीउ रोपे पनि नउम्रिए झैं कुनै कुनै पापकर्म पनि फलभोग गर्न नपर्ने कर्मछन् । खोलाको एक किनाराबाट अर्को किनारामा फाल्दा उतापट्टि नपुगी बीचैमा खसेर हराउने झै. हो ।

यी कर्मफल दिने चार वटाको पनि अलि विस्तृत रूपले अध्ययन गर्नु राम्रो होला । सर्वप्रथम **दिट्ठधम्म** अर्थात् यसै जन्ममा फलभोग गर्ने कर्मफलको एउटा उदाहरण कथा प्रस्तुत गर्दछु ।

**एक साटक ब्राह्मणको घटना :**

बुद्धको समयमा श्रावस्ती नगरमा एउटा अति गरीब ब्राह्मण परिवार थियो । परिवारका लोग्ने-स्वास्नी दुबैजनाको एउटै मात्र खास्टो थियो । स्वास्नीचाहिँ बाहिर जांदा लोग्ने घरमा बस्नुपर्छ । लोगनेचाहिँ बाहिर निस्किँदा स्वास्नी घरमा बस्नुपर्छ । उसबेला कहीं बाहिर जाँदा खास्टो ओढेर जाने चलन रहेछ । एउटामात्र खास्टो भएको हुँदा दुबैजना सँगै बाहिर निस्कन पाउँदैनथ्यो । त्यसैले त्यो ब्राह्मणको नाम नै एउटा मात्र खास्टो भएको "एकसाटक ब्राह्मण" भयो ।

त्यो ब्राह्मण बरोबर गौतम बुद्धकहाँ उपदेश



Downloaded from http://www.dhamma.digital

सुन्न जाने गर्दोरहेछ । एकदिन श्रावस्तीको जेतवनाराम विहारमा गौतम बुद्धले धर्मोपदेश गरिराखेको बेलामा त्यो ब्राह्मण पनि कथा सुन्न गयो । धर्मदेशनामा त्याग चेतना राखेर दान दिएमा महान् फल प्राप्त हुन्छ, दिन सकेमा उसका लागि साथीहरू हुन्छन्, दिन सकेमा मात्र उसलाई मान-सम्मान गर्दछ, दिन नसक्दा अनाथ झैं आधारहीन भई बस्नुपर्छ आदि विषयहरू धर्मदेशनामा आए ।

एउटामात्र खास्टो भएको ब्राह्मणले विचार गर्‍यो- म गरीब भएकोले मैले कहिल्ये केही पनि दान दिन सकिन । तसर्थ मलाई कसैले पत्याउँदैन । त्यति वास्ता पनि गर्दैन । गरीब हुनु पनि दुर्भाग्य नै हो । मैले पनि केही दान दिनुपर्‍यो । मसंग अरु केहीपनि छैन, यो ओढिराखेको एउटा खास्टो बाहेक । यही एउटा खास्टो दान दिनुपर्‍यो तर यो खास्टो भने हामी दुई दम्पतीको बाहिर निस्कँदा ओढ्नुपर्ने एउटैमात्र आधार हो । यही एउटा खास्टो पनि दान दियो भने घरकीले के भन्लिन् । दिनु त हुँदैनथ्यो ।

उसको मनमा द्वन्द्व हुनथाल्यो । एक मनले दान दिनु हुँदैन भने पनि फेरि अर्को मनले दान दिन्छु-दिन्छु, जे-जे परोस् भन्नेमा पुग्छ । फेरि अर्को मनले भन्छ - जेनतेन भएको एउटै - मात्र यो खास्टो, कसरी दिनु ? अहँ, हुन्न । यसरी मन बीचको लडाईंमा जित्नुपर्ने रहेछ । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ- **"दानं च युद्धं च समानमाहु"** अर्थात् दान दिनु र लडाईमा विजय हुनु समान हो ।

त्यो ब्राह्मणले मन बीच झगडा गर्दै अन्ततः आफ्नो खास्टो त्याग गरेर भगवान् बुद्धलाई दान दिएरै छोड्यो । दान दिइसकेपछि ठूल-ठूलो स्वरमा कराउन थाल्यो- म जितें, म जितें ।

त्यसबेला कोशल राजा प्रसेनजित पनि बुद्धको धर्मोपदेश सुन्न आइराखेका थिए । त्यो ब्राह्मणले 'म जितें' भनी कराएको सुनेर राजा झसङ्ग भए, त्रसित बने कि आफ्नो राज्य पो कसैले हमला गरेर जितिलियो कि ! तब राजाले मंत्रीहरूलाई बोलाएर सेना तयार गर्न र सतर्क बन्न आदेश दिए । दरबारमा केही पो भयो कि भनी त्यहाँ पनि हेर्न पठाए । तत्पश्चात् राजा त्यही ब्राह्मणसँग सोध्नपुगे - "ए, तिमीले 'म जितें' भनी किन कराएको ?"

ब्राह्मणले भन्यो- "मैले आफ्नो मनसंग युद्ध गर्दा-गर्दै बल्ल त्याग चेतनाले भगवान् बुद्धलाई यो खास्टो एउटा दान दिएं । यो खास्टो मेरा दुई दम्पतीको एक मात्र भएको खास्तो थियो । तैपनि मनलाई जितेर दान दिएं । त्यसैले 'म जितें' भनेको हूँ ।"

त्यो कुरा सुनेर राजाको मन ढुक्क भयो, प्रसन्न भयो । अनि राजाले बिचार गर्‍यो- यस्तो गरीब ब्राह्मणले एक मात्र भएको खास्तो पनि भगवान् बुद्धलाई दान दियो । यो सामान्य कुरा पक्कै होइन । हुनेहरूले दान दिनु ठूलो कुरा होइन । नहुनेले दिनु ठूलो त्याग चेतना हो । चेतना नै कर्म हो, बस्तुको कुरा होइन । यो ब्राह्मणलाई मैले पनि उपकार गर्नुपर्‍यो ।

यति विचार गरेर कोशल राजाले ब्राह्मणलाई चारवटा दोसल्ला-खास्टो दान दिए । अरु पनि विभिन्न जीविका गर्न उपकार सिद्ध हुने बस्तुहरू पनि राजाले उनलाई प्रदान गरे । ती सबै बस्तु लिएर घरमा पुगी ब्राहमणले आफूलाई घटेको सबै घटना श्रीमतीलाई सुनायो । श्रीमतीचाहिँ पनि अति खुशी भइन् । दानको फल यहाँको यहीं नै प्राप्त भयो । यदि राजाले उसलाई उपकार नगरेको भए, दानको फल यहाँको यहीं प्राप्त नभएको भए यो कथाको महत्त्व नै हुने थिएन ।

**आफ्नो घटना :**

त्याग चेतनाको सन्दर्भमा मेरो आफ्नो भएको एउटा घटना उल्लेख गर्दछु । मेरो एकजना मित्र विवाह पश्चात् आफ्नी श्रीमतीसंगै मलाई भेट्न आयो । साथीलाई केही न केही उपहार दिन मनलाग्यो । के दिउँ के दिउँ भयो । विदेशबाट ल्याइराखेको एउटा राम्रो बस्तु थियो । प्रयोग नै नगरी सुरक्षित गरिराखेको थिएं । त्यही दिन्छु भनी विचार गरें । विचार आयो फेरि त्यस्तो वस्तु मलाई पाइएला नपाईएला । विदेश पनि जान सकुँला कि नसकुँला । एकातिर दिन्छु नै भन्छु फेरि अर्कोतिर मनले भन्छ- यो दिन्न । यसरी धेरै बेरसम्म लोभी मनसंग युद्ध गर्दागर्दै अन्तमा दिइछाडें तर राती सुत्दा समेत त्यही बस्तु झलझली सम्झिरह्यो, चित्त दुखे जस्तो भयो । अनि आफूले आफैलाई उपदेश गरें- दिंदा त्याग चेतना राखेर दिनुपर्छ भनी अरूलाई उपदेश दिने तर आफू भने उपहार दिइसकेको वस्तु पनि सम्झेर चित्त दुःखाई बस्ने? त्याग गरिसकेकोलाई बिर्सनुपर्छ भन्दै त्यस सोचाईलाई

चटक्कै त्याग गरें। अनि मात्र आनन्दले निद्रा लाग्यो। यस्ता कुरामा भगवान् बुद्धले भन्नुभएको छ- **"चेतनाहं भिक्खवे कम्मं वदामि"** अर्थात् चेतना नै कर्म हो। यहाँको यहीं नै फल प्राप्त हुने भनेको चित्त शुद्ध भएमा मात्र हो दानको फलस्वरूप केही दिन पछि त्यसलाई त्यस्तै खालको बस्तु फेरि प्राप्त भयो।

माथि उल्लिखित "एकसाटक ब्राह्मणको घटना" मा पनि ब्राह्मणले शुद्ध चित्तले दान गरेको हुनाले उसलाई एउटा खास्टोको बदलामा चारवटा दान पाये। यो दृष्टधर्म कर्मफल हो।

**मिथ्यादृष्टिक कोक शिकारी :**

माथि भनेको घटना राम्रो गर्नाले यहाँको यहीं नै राम्रो फल पाएको उदाहरण हो। अब पापकर्मको फल पनि यहाँको यहीं नै भोग गर्नुपरेको कुरा उल्लेख गर्दछु।

गौतम बुद्ध श्रावस्ती जेतवन-आराममा बसिराख्नु भएको बेलाको घटना हो। त्यसबेला 'कोक' नामक शिकारी एकजना थियो। ऊ दिनहुँ चार पाँच वटा शिकारी कुकुरहरू लिई जंगलमा शिकार गर्न जान्थ्यो। एकदिन कोकब्याधा कुकुरहरूलाई लिई बाहिरमात्र आएको थियो कि एकजना भिक्षु भिक्षाटन आइराखेको देख्यो। देख्नासाथ नै टाउकोमा कपाल नभएको अलच्छिनको भिक्षु देखें, बिछुक भयो, अशुभ भयो भनी चित्त बिगारी जंगलतिर लाग्यो। मन-मनै विचार गर्‍यो- आज दिनभरि केही पनि शिकार पाउँदिन होला। वास्तवमै त्यो दिन उसलाई केही पनि प्राप्त भएन। सानो खरायो एउटा पनि भेट्टाउन सकेन। विहान पख अलच्छिन भिक्षुलाई देखेर साँच्चै नै अमंगल भएछ भनी भिक्षुप्रति रिसाई फर्कँदै थियो। फेरि, त्यही भिक्षु बाटोमा भेट्टियो। अब घर जाँदा पनि भिक्षुरूप देखियो। घरमा गएर के पो हुने हो। खान पनि नपाउने होला यो भिक्षुलाई त मारी नै दिन्छु भनी उसमाथि शिकारी कुकुरहरू छोडिदियो।

त्यो भिक्षु आफ्नो ज्यान बचाउन हत्तपत्त नजिकैको रुखमा चढ्यो। कुकुरहरूले नभेटी भुकिमात्र राख्यो, टोक्न भ्याएन। त्यो कोकब्याधाले बाणद्वारा त्यसको पैलातामा घोच्न थाल्यो। भिक्षुलाई अति कष्ट भयो। रूखको माथि अरु चढ्न खोज्दा लगाइराखेको चीवर वस्त्र तल झर्‍यो र त्यस चीवरले शिकारीको पूरै शरीर छोपियो। कुकुरहरूले त भिक्षु खस्यो भनी शिकारीलाई मर्ने गरी टोकिदियो।

त्यो भिक्षुले रुखको एउटा हाँगो भाँचेर कुकुरहरूलाई धपाउँदा पो कुकुरहरूले चाल पायो, भिक्षुलाई भनी आफ्नै मालिकलाई पो टोकेर मारेको रहेछ। कुकुरहरू जंगलतिर भागेर गए।

पछि भिक्षुलाई पनि मैले गर्दा अर्थात् मेरो चीवर खसेकोले शिकारी मर्‍यो, मलाई नै यो पाप लाग्ने हो कि भनी उसको चित्त छटपटियो। यो कुरा शास्ता बुद्धकहाँ पुग्यो। तत्पश्चात् शाक्यमुनि बुद्धले त्यो भिक्षुलाई भन्नुभयो - "हे भिक्षु, तिमीलाई पाप लाग्दैन। तिमीले चित्त दुखाउनु पर्दैन। शिकारीले तिमीलाई देख्नासाथ नै आफ्नो मन बिगार्‍यो। उसको दृष्टि बांगियो, ऊ मिथ्यादृष्टिक भयो। उसको मन बिग्रेकोले शिकार गएको जंगलमा पनि केही फेला पार्न सकेन। फर्किंदा पनि तिमीलाई नै देख्यो। उसलाई धेरै रिस उठेकोले निर्दोष तिमीलाई द्वेषभावले मार्ने मनसाय राखी तिमीउपर कुकुरहरू छोडिदियो। हावा आइराखेको ठाउँमा धूलो फाल्ने हो भने आफ्नै मुखमा नै पर्न आउने झैं यहाँको यहीं नै पापको फल भोग गर्नुपर्छ। यस उसले, भगवान् बुद्ध भन्नुहुन्छ-

**यो अप्पदुट्ठस्स नरस्स दुस्सति,**
**सुद्धस्स पोसस्स अनंगणस्स।**
**तमेव बालं पच्चेति पापं,**
**सुखुमो रजो पटिवातं व खित्तो॥**

*अर्थः*– जताबाट हावा आइरहेको छ, उतातिर धूलो फाल्दा धूलो आफैतिर पर्न आउने झैं दोष नभएको शुद्ध चित्त भएको मानिसलाई रिसले विगार्‍यो भने आफैलाई नै हानि हुन्छ, पापकर्मको फल भोग गर्नुपर्दछ।

यो घटनाले पनि स्पष्ट हुन्छ, कर्म भनेको चेतना अथवा कल्पना हो। त्यो शिकारीले भिक्षुलाई देख्नासाथ नै दृष्टि बांगो नगरी चुप लागेर शिकारमा गएको भए उसको प्राण जाने थिएन। उसको मन शुरुमै बिग्रियो। बिग्रेझैं रिसाएर भिक्षुलाई मारिदिन्छु भनी नराम्रो नियत राख्यो तर आफै नै मर्नुपर्‍यो। नराम्रो दुष्कर्मको फल मरिसकेपछि मात्र होइन, यहाँको यहीं नै भोग गर्नुपर्छ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# पवित्र स्मृति

- अमिता शाक्य

बुद्धशासनय् तन मन धनं सेवा याम्ह छम्ह श्रद्धावान् सेवक, बुद्धवचन त्रिपिटक ग्रन्थत नेपाल भाषा व नेपालीं पिकायेगु ज्याय् तःफागु नुगः दुम्ह, विभिन्न विहार निर्माण/जिर्णोद्धारया ज्याय् न्ह्यलुवा, यलय् बुद्धजयन्ती न्यायकेगु कोषया संस्थागत व्यक्तित्व, प्रत्येक वर्ष गुलाँ धर्म देशनाया नितिं सक्रिय व्यवस्थापक, विभिन्न धार्मिक सामाजिक संघ संस्था विहारया जिम्मेवार पदाधिकारी व आजीवन सदस्य, श्रामणेरपिंत भिक्षुपिंत प्रव्रजित यायेगु/ग्वाहालि यायेगु निसें कया देश विदेशय् आखः ब्वंके छ्वयेत माबले माकथंया सहयोगी, गरीब गुरुवापिनि नितिं करुणावान्म्ह प्रातःस्मरणीय पवित्रबहादुर वज्राचार्यया ५७ दँया उमेरय् २०५८ मंसिर १५ गते सकिमिला पुन्ही खुन्हु अनित्य, दुःख व अनात्माया सन्देश तोता दिवंगत जुया बिज्यात ।



पवित्रबहादुर (राजभाई)

श्रद्धेय भिक्षुसंघ, अन(गारिका गुरुमांपिं, उपासक उपासिकापिं, मित्रवर्गपिं, धर्मपासापिं, विभिन्न संघसंस्थायापिं सहमित्रपिं तथा न्यातिवर्गपिनिपाखें वसपोलया पार्थिव शरीरयात भावभीनि अन्तिम श्रद्धाञ्जली देछागु, वसपोलया अन्तिम शवयात्राय् हजारौं संख्याय् सहभागी जूगुया निसें कया इलय् ब्यलय् बुद्धपूजा, धर्मदेशना, शोकसभा आदिया पुण्य ज्याखँ याना बिज्यासे वसपोलयागु सुगति कामनाया लिसें निर्वाण प्राप्तिया नितिं पुण्यानुमोदन जुया च्वंगु जुल । उकिया नितिं परिवारयापाखें सकलप्रति कृतज्ञ ज्ञापन यानागु जुल ।

***पवित्रबहादुर (राजभाई) वज्राचार्यया संक्षिप्त जीवनी :***

| | | |
|---|---|---|
| जन्म | : | ने.सं. १०६५ फागुण कृष्णपक्ष द्वितीया (२००१ फागुण १७ गते) |
| पिता | : | पूर्णबहादुर व माता वीरमाया वज्राचार्यया सुपुत्र |
| दिवंगत | : | ५७ दँ या वैशय् ने.सं. ११२२ कछलाथ्व सकिमिलापुन्ही (२०५८ मार्ग १५ गते शुक्रवार) |
| जन्म स्थान | : | गाबहाल, ललितपुर । |
| विवाह | : | रेणुका शाक्य |
| म्ह्याय्/काय्पिं | : | अर्नितारा, डा. प्रदीप बहादुर, सुनिता व सुजाता । |
| शिक्षा | : | वी.ए., परियत्ति सद्धम्म पालक |
| देश भ्रमण | : | श्रीलंका, भारत, थाइल्याण्ड, जापान, सिंगापुर, मलेसिया आदि । |
| पेशा/सेवा | : | व्यापार/सामाजिक सेवा |
| प्रकाशित कृति | : | The Buddha, The Truth & Human beings<br>इलय् ब्यलय् लेख रचना प्रकाशित |

**धार्मिक तथा सामाजिक सेवा**

१ *युवक बौद्ध मण्डलया संस्थापक अध्यक्ष* – युवा वर्गपिंत बुद्ध धर्मय् आकर्षित याना, बुद्धधर्म प्रचार प्रसार यायेगु ज्याय् सदां सक्रिय जुजुं युवक बौद्ध मण्डलया २०२७ श्रावणं स्थापना याना संस्थापक अध्यक्ष जुया बिज्याःम्ह, **YMBA** या तकोमच्छि बौद्ध तिर्थयात्रा न्यायेकेगुली अगुवा, युवक बौद्ध मण्डलया उन्नति प्रगतिया नितिं समर्पित व्यक्ति, भवन निर्माण व स्कूल स्थापनाय् सहयोगी ।

२ *श्री शाक्यसिंह विहारया प्रमुख उपासक* – नेपाःया न्हापांम्ह संघमहानायक दिवंगत प्रज्ञानन्द महास्थविरया दुग्येक सेवा याम्ह उपासक, विहारया प्रत्येक ज्या खँय् न्ह्यब्वना अविस्मरणीय योगदान बिया बिज्याःम्ह प्रमुख उपासक, सचिव, शाक्यसिंह पुनर्निर्माणया ज्याय् तन मन धनं सहयोग बिया ज्या पूवंका बिज्याःम्ह ।

३ *यल बुद्ध जयन्ति कोष समितिया कोषाध्यक्ष* – थः पिता पूर्णबहादुर वज्राचार्यया निधनं लिपा कोष वृद्धि यायेगु, संचालन यायेगुली सक्रिय व्यक्ति ।

४. यल, बुद्धजयन्ती कोषपाखें यल लायकूली स्थापित विश्व मैत्री विहारया संरक्षण एवं सल्हुं पत्तिकं बुद्ध पूजा कार्यक्रम सुचारु रूपं न्ह्याकेगुली सहयोग याना बिज्याःम्ह ।

५. यल बुद्ध व बुद्धधर्म सम्बन्धि न्ह्यसः लिसः कासायात बुद्धजयन्ती कोष अन्तर्गत तया दँय् दँसं न्ह्याकेगु व कासाया निर्ति सहयोगी ।

६. मणिमण्डप विहार दायक समिति एवं संरक्षण समितिया सचिव जुया विहारया पुनर्निर्माण कार्यय् अग्रसर जुया दँय् दँसं गुलां धर्मदेशनाया व्यवस्था तथा विहारया न्ह्यांगगुं धार्मिक ज्या खँय् न्ह्यब्वना च्वना बिज्याःम्ह ।

७. श्री सुमंगल विहारया उन्नति प्रगतिया निर्ति शुभचिन्तक तथा सुमंगल बौद्ध संघया सचिव जुया धार्मिक ज्या खँय् सहभागी । श्रद्धेय बुद्धघोष भन्तेया नं शिष्य जुया बिज्याःम्ह ।

८. नगरमण्डप श्रीकीर्ति विहारय् निर्मित लुम्बिनी व कुशीनगरया प्रतिमूर्ति एवं मन्दिरया दाता जुया बिज्याःम्ह ।

९. अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया कोठा छगूया दाता तथा भोजन व्यवस्था अक्षयकोषया सदस्य ।

१०. अक्षेयश्वर महाविहार बचे यायेगु व निर्माण ज्याय् सक्रिय जूम्ह, आदर्श विद्या मन्दीर स्कूलयात विहार मी धुंकूगुयात राजदरवारय् निवेदन तथा जग्गा विहारया नामय् हे संरक्षण यायेगु ज्याय् अग्रसर जुया बिज्याःम्ह ।

११. धर्मोदय सभाया आजीवन सदस्य ।

१२. गां गामय् च्वंगु ७ गू विहार निर्माणया निर्ति न्ह्यब्वना बिज्याःम्ह श्रद्धेय भिक्षु कालुदायीया निर्ति 'जुजु' राजा जुया माकथं ग्वाहाली याना बिज्याःम्ह ।

१३. धम्मावास विहार वृद्धाश्रम निर्माणया निर्ति आर्थिक संकलन यायेगु ज्याय् ग्वाहाली याना बिज्याःम्ह ।

१४. लक्ष्मी वर्ण संस्कारित रत्नाकर महाविहार, हखबहाःया उत्तर दिगीया जिर्णोद्धारय् अध्यक्ष तथा थः बौपिसं तोता वंगु बहाःया निर्माण कार्यय् सक्रिय सहयोगी ।

१५. थः बौपिसं स्थापना याना थकूगु गाबहाल, विश्व शान्ति विहारया सुधार समितिया सचिव जुया संरक्षकया भूमिका म्हिता बिज्याःगु ।

१६. यल, वनबहाया उजुदेव नाम संगिति गुठीया सदस्य जुया गुठीयात ननानं न्ह्याकेगु ज्या याना बिज्याःम्ह ।

१७. वैश्रणवी देवीया मसान सतः जिर्णोद्धार समितिया उपकोषाध्यक्ष जुया बिज्याःम्ह ।

१८. तको मच्छिया रक्तदाता, रक्तदान कार्यक्रमया सहयोगी एवं नेपाल रेडक्रस सोसाइटीया आजीवन सदस्य ।

१९. न्हापां गणमहाविहारय् नेपाल बौद्ध परियत्ति शिक्षाया शिक्षक तथा गणबहाःया विकासय् सहयोगी जुया बिज्याःम्ह ।

२०. विश्वया आपालं थासय् विश्व शान्ति स्तूप स्थापक परम पूज्य नीचि दात्सु फुजी गुरुजी व वसपोलया शिष्य भिक्षुपिंत नेपाः बिज्याबले लसकुस याना निकट सम्बन्ध तया थःगु हे छेँय् वसपोलया ८९ औं जन्मोत्सव नेपाःया मौलिक संस्कृति अनुरूप अभूतपूर्व रूपं मानेयागु तथा थःगु निवासस्थान व पुल्चोक वज्रयोगिनीया सतलयात विहार अनुरूप दयका वसपोलपिंत वासया व्यवस्था याना संरक्षक जुया बिज्यागु व न्हापायागु पोखरास्थित अनदु विश्वशान्ति स्तूप निर्माण ज्याय् ग्वाहालि यागु व चैत्य भत्के याबले आपालं दुःख तागु तथा थःगु जीवनया अन्तिम कालय् लुम्बिनी विश्व शान्ति स्तूप उद्‌घाटनया अवसरय् अतीव हर्षपूर्वक प्रमुदीत जुया सहभागी जुया बिज्यागु ।

२१. वीर-पूर्ण पुस्तक संग्रहालयया अध्यक्ष जुया नेपाल भाषा व नेपालीं त्रिपिटक ग्रन्थत प्यब्वय् छब्व प्रकाशन याना बिज्याम्ह ।

२२. सुन चाँदी व्यवसायी संघ, यलया निर्वतमान अध्यक्ष ।

२३. कुम्भेश्वर टेकनिकल स्कूलया छम्ह संचालक दुज ।

२४. श्री शान्ति विद्याश्रम, लोंहल, यलया आजीवन सदस्य व सहयोगी ।

२५. धर्मादित्य धर्माचार्यया शतवार्षिक समारोहया आर्थिक संयोजक ।

२६. संघमहानायक प्रज्ञानन्द महास्थविरया ८८ दँया लसताय् ने.सं. ११०७ चउलाथ्व अक्षयतृतियानिसें छवा तक दुर्लभ प्रव्रज्या ग्रहण याना 'पञ्ञारंसी' नामं भिक्षु जुया बिज्यागु । आदि आदि ।

धर्मप्रचार — **समाचार**

## सद्धर्म प्रेमी श्रद्धालु उपासक, उपासिकापिंत अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया इनाप

थुगु केन्द्रया ओवादाचरिय जुया बिज्याकम्ह म्यानमारया ध्यानगुरु सयादो भदन्त ऊ पण्डिताभिवंश महास्थविरया निर्देशनय् थ्व हे वि.सं. २०५८ साल फागुन १२ गते आइतवाः निसें २२ गते, बुधवाः तक्क थुगु ध्यान केन्द्रय् संचालन जुइगु १० न्हुया बुद्धोपदेशीत सतिपट्‌ठान विपश्यना भावना शिविरय् ब्वति कायगु इच्छा दुपिं श्रद्धालु महानुभावपिंसं थःगु थाय् सुरक्षित याय्‌या निर्ति निवेदन फाराम भरेयाना इलय् हे थुगु केन्द्रय् दुतिना बिज्यायेत दिइत इनाप याना च्वना ।

फर्म दुतिनेगु अन्तिम दिं- फागुन ४ गते, शनिवाः; सम्पर्क- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बुद्धनगर, शंखमूल, यें । टेलिफोन: ४८२७०७



Downloaded from http://www.dhamma.digital

# शान्तिपदयात्राया अनुभव

- जयवती, धर्मकीर्ति विहार

अचिन्तितपिं भवति चिन्तितम्पि विनस्सति अर्थात मतीम तयागु जू. मतीतयागु मजू धयागु बुद्धवचन लुमंसि वल । छाय्‌धा:सा काठमाडौं निसें लुम्बिनीतक ४४० किलो मिटर मछि न्यासि वनेगु धयागु सपनाय् नं मती मलू कथं शान्ति पदयात्रा वनेगु अवसर चूलात । लुम्बिनी जापानी तसें दयकूगु शान्ति स्तूप उद्‌घाटन जुइगु लसताय् ललितपुरं निसें पदयात्रा याना प्रचार याइगु खँ जुल । धम्मवती गुरुमाँनं छ नं थनं निसें लुम्बिनीतक न्यासिवनेगु आँट दुला ? थज्योगु नं अनुभव याना तय्‌मा । थथे न्यासिवने बले मस्यूगु खँ सीके दइ, खँल्हाय्‌गु बानि दै, यक्व बहुश्रुत ज्ञान दै धका धया बिज्याबले-छकलं तु वने न्ह्या धया । गुरुमाँयागु प्रेरणां याना जिके पदयात्राय् वनेगु मनोबल दत ।

जि पदयात्राय् वनेगु जुल धयाबले गुलिसिनं अपाय्‌हाकगु लँपुइ नं न्यासिवने फैगुला ? गुलिसिनं जिउ अपाय्‌सकं ब: मलाम्हेसिया म्ह मफेका च्वने माली धका धयाच्वन । गुलिसिनं तस्सकं बांलागु मती तल धाल । गुलिसिनं तस्सकं भाग्य दु जापनीत नाप पदयात्रा याना पुण्य कमाय्‌याय् दुगु । थी थी मनूते थी थी विचारगु खँन्यने दत । तर (भिक्षुणी) गुरुमाँ छम्ह जक बोना यंकेगु धागुलिं भचा सुखमता:, धम्मवती गुरुमाँनं नापं वनीपिं पासापिं दु छुं धन्नाकाय्‌म्वा धया बिज्यागु गुण लुमंका थजोगु मौका यात तोते मज्यू न्ह्यागु जूसां मन क्वातुका होश दय्‌का च्वनेमा:, थ:गु शीलयात मस्यंकुसे होश ततं पदयात्रा वनावय् धका अधिष्ठान याना ।

जिपिं पदयात्राया निंतिं २०५८ आश्वीन २१ गते अक्षेश्वर महाविहारे मुना भन्तेपिं मध्ये नं तपस्वी भन्ते छम्ह हे जक ख: बहनि पदयात्री तयूगु परिचय व शान्ति पदयात्राया बारे जानकारी बिल । कन्हे खुनु यलया हिरण्यवर्ण महाविहारे वना । अन आपा मनूतसें स्वागत यात । नागबहाले भोजन जुल । अनं लिपा पदयात्रीतसें बखुंचात ब्वय्‌कल । नगर पदयात्रा याना बहनी अक्षेश्वर विहारे बासं च्वना । लिपा बहनि जित ला म्हसुख मदयावल । कपा नं स्यात । थुकथं म्हसुख मदयावबले थ:गु म्हिचाय् च्वंगु वास: छचा कया नय्‌गु तकं आँट मन्त । बल्लं वास: कया, पासा छम्हेस्यां क्वाल: हया बिल । पासा धयाम्ह मा: खनि धयागु मती वन । वास: नया द्येना । न्ह्योनं याकनं मवल परि नं जुल आ गथे याना कन्हे निसें न्यासि वनेगु । पदयात्रा वनेगु धका यक्वसिनं सिइ धुंकल, मवन कि बांलाई मखु ।

अले जिं मनं मनं अधिष्ठान याना जिगु शील शुद्ध जू धयागु ख:सा जिं मनं तुनागु लुम्बिनी तक न्यासि वनेगु मनुसुवा पुरे जुइमा: धका मती तया । वेदनायात चाय्‌का तुं द्यना । चच्छिं याउक न्ह्यो वल । सुथे जूबले याउँसे च्वन । अले जिं थुइका कया मती बांलासा, मन ब:लाका यंकूसा न्ह्यागु भिंगु इच्छा पुरे जू ।

कन्हे खुनु सुथे न्हापनं बानेश्वरे च्वंगु विश्वशान्ति विहारे जलपान याना, न्हिने खास्ती भोजन धुंका बहनी आनन्दकुटी बासं च्वना । कन्हे खुनु ताहाचले जलपान भोजन व भारिनक्सां स्वागत समारोह नापं नगर परिक्रम याना जिमित बिदाबिया छोत ।

अनंजिपिं बलम्बुइ बासं च्वना । अनं लिपा जिमित आपलं लस्कर सहितं शोभित भन्ते नौबीसे धाथाय् तक लँस्व बिज्यात । उपासक उपासिकापिं विहारय् गुरुमां पिंत लँस्व बिज्यागुलिं खूब हौसला बढे जुल । तस्सकं लय्‌ता वल । सकसितं धन्यवाद दु ।

दकसिबे उत्साह बढेजूगुला श्रद्धेय धम्मवती गूरुमाँ पोखराय् तान्सेने, बुटवली व भैरहवाय् थ्यंक लँस्व: बिज्यागुलिं ख: । उकिं लुम्बिनी थ्यंक न्यासिवनेगु मनसुवा पूवन । धम्मवती गुरुमाँया प्रति यक्व कृतज्ञ जुया । न्हून्हूगु यक्व अनुभव जुल ।

आ: थन छतानिता जित अनुभव व मेमेगु खँ च्वे त्यना ।

१. पदयात्रा वनेमागु छाय्,

२. पदयात्रा मया:सां ज्यू, मोटरं वंसा मज्यूला ?

३. पदयात्रा वना छु अनुभव जुल ?

४. पदयात्रां शरीरयात दु:ख मजूला ?

५. दु:ख सुख गुकथं अनुभव जुल ?

१. पदयात्राया कारण : जापानी तय्गु त:धंगु श्रद्धा व इच्छा ख: । ललितपुरंनिसें लुम्बिनि तक न्यासिवना हे जक चैत्य उद्‌घाटन याय्गु । इमिगु श्रद्धायात गुहालिकथं पदयात्रा न्यागु ख: ।

२. जिगु विचारकथं पदयात्रा वनेम्वाथें च्वं । मोटरं वंसा ज्यू । तर न्यासिवनेगु न्या:गुलिं बोधिसत्वपिनिगु आधिष्ठान पारमिता व बोधिचित्त अभ्यासयाना अनुभव याय्खन । अधिष्ठान यानाथें चित्त ब:लाका लुम्बिनी तक न्यासि वने फत । थौ. कन्हे मनूत न्यासि वनेगु धाल धाय्‌वं अल्सिचाय् धुंकल । थज्योगु पदयात्रा बरोबर न्यायके मा: थें च्वं ।

३. पदयात्रा यानागुलिं गां गामे यक्व हे मनूत गरीबपिं, नय् मखंपिं, यक्व दु:खसिया ज्या याना च्वंपिं दु धैगु सीका कया । काठमाडौं शहरे च्वंपिंला यक्वहे भामानि खना । जिं थुलकि भ्रीपिं च्यागु दोषं अलगपिं ख: । च्यागूदोष धयागु नरक, प्रेत, असुर, तिर्यक, जन्मंनिसें ख्वाँय्, कां, प्रत्यन्तदेश (गां) मिथ्यादृष्टि, अलगजुया च्वंपिं प्राणी मध्ये मनुष्य जन्म उत्तमगु जन्म ख: । थुजागु जीवनयात सित्तिं मछोसे उत्तम धर्मे च्वने फय्केमा: धका छगू शिक्षा कयागु  पदयात्रां याना ।

४. पदयात्रांयाना: शरीरयात दु:खजू, तरमन ब:लात धा:सा शरीर ब:मलागुयात शान्त याय्फु । बुद्धयात नं बरोबर म्हं मफुजू । ऐसां वसपोलया मनोबलं शरीरया ल्वे याकनं लना वं ।

जि छको ३१ किलोमिटर न्यासि वना बले तस्सकं तुति स्यात । आराम कयाथाय् थासं दनि हे थाकुल । खुत्यां कया जूसां पलाछिना वने धका सनां वने हे मफुत । अले मती वन मोटरे छको च्वने हे माली ला ? हानं थ: त थ:म्हं न्वाना-हे छु मती तयागु छं, लुम्बिनी थ्यंक न्यासिवने धका वयाम्ह मखुला ? आमज्योगु नं मती तय्गु ला? मोटरे च्वना वंसा मेपिसं छु मधाइ ? मन बल्लाका न्यासि वना च्व च्वं त्यानुगु लोमंका । जि न्हापा ध्यान च्वना बले नामरूप (शरीर व मन) फारे याना नाम धयागु चाय्का च्वनेगु स्वभाव, रूप धयागु मचा:गु स्वभाव । रूपयात हे भ्रीसं जि जिगु धका हाला च्वना, गन तक नामरूपयात जि जिगु धका हाला च्वनी अबले तक उम्ह मनूयात दु:ख हे जुया च्वनी । वं धया च्वनी जित स्यात, जित दु:ख जुल । थुकथं नाम रूप यात छुटे यायां जि धयाम्ह लोमंका पला छिना वना च्वना बले तुतिंस्यागु लनावन ।

५. सुख दु:ख गुकथं अनुभव जुल ? जि न्यासिवना जित छाय् सुखजू धाय्बले पदयात्रा वनाबले म्हयाम्हछि जक वंसा गा: । छुं नं जोना वनेम्वा: । नय्गु त्वनेगुया छुं पीरमदु । मागु फुकं पुरे जू । स्वयं सेवक जुया विचायाना च्वंपिं रत्नमानदाइ, इन्द्रबहादुर, चन्द्रमान, राजेस पिन्तनं आपालं धन्यवाद बिया च्वना । वय्कपिंसं मागु तक फुक बन्दोबस्त याना बिल । उकिं जिपिं पदयात्राय् वनापिं साप भाग्यमानि समझे जुया ।

तुति स्याना त्यानुचा: बले भचा दु:खता: । मनूतसें गज्योगु श्रद्धां ल: सिसि दान बिया हल । त्यानुगुलिं ल:सिसि हे लँय् अथें तोता वया । लिपा ल:त्वने प्या: चाबले धले च्वंगु ल:त्वने माल । ख्वासिले मा: बले नं धले च्वंगु ल: कया ख्वासिले माल । पदयात्रा याना च्वना बले सुखया ल्यू ल्यू दु:खनं वैगु दु:खया ल्यू ल्यू सुख नं वै धागु खूब लुमंसे वै च्वं । जिन्दगी गुबलें स्वागत याके मनंम्ह पदयात्रा वना बले धुमधामं स्वागत याके खँबले खूब भाग्यमानि समझे जुया । धम्मवती गुरुमाँ यागु कृपां थुकथं माने याके खंगु ख: । उकिं गुरुमाँयात कोटीकोटी वन्दना व सुभाय् दु ।

बुद्ध-धर्म अनुसार सर्वश्रेष्ठ कुराहरू निम्नप्रकार छन् :-

| | | |
|---|---|---|
| सर्वश्रेष्ठ मार्ग | - | अष्टांगिक मार्ग |
| सर्वश्रेष्ठ सत्य | - | चार आर्य सत्य |
| सर्वश्रेष्ठ धर्म | - | वैराग्य धर्म |
| सर्वश्रेष्ठ मनुष्य | - | सम्यक् सम्बुद्ध |



Downloaded from http://www.dhamma.digital

# सम्यक पूजा–२

*प्रस्तुति, भिक्षु विशुद्धानन्द (प्राणपुत्र)*

## सम्यक गीत

नमस्कार सम्यक सम्बुद्धलाई,
राग, द्वेष, मोह आदि शत्रूलाई
नाश गरी सक्नु भएको, अरहन्त हुनुहुन्छ,
सबै धम्मलाई सम्यकरूपले,
स्वयं बोध गर्नु भएको, सम्यक सम्बुद्ध हुनुहुन्छ
शील समाधि प्रज्ञा पूर्ण,
विद्याचरण सम्पन्न हुनुहुन्छ / नमस्कार सम्यक सम्बुद्धलाई
जन्म मरणको दु:खबाट मुक्त,
निर्वाणमा पुग्नु भएको, वहाँ सुगत हुनुहुन्छ /
सत्व संस्कार ओकाशलोक जान्ने,
वहाँ लोकविज्ञ हुनुहुन्छ, नमस्कार ... /
बोध गर्न योग्य प्राणीहरूलाई,
ज्ञानले दमन गर्ने, अद्बितिय सारथी हुनुहुन्छ /
अँध्यारोबाट उज्यालोमा लाने,
देव मनुष्यका गुरू हुनुहुन्छ, नमस्कार ... /
चार आर्य सत्य विश्लेषण गरी,
बोध गरी लिनु भएको, वहाँ बुद्ध हुनुहुन्छ /
भाग्य गुणहरूले युक्त,
वहाँ भगवान् हुनुहुन्छ, नमस्कार ... /

*अब हामी ६ धम्म गुण पाठ गरौं-*

स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको अकालिको,
एहिपस्सिको ओपनयिको पच्चत्तं वेदितब्बो विञ्ञूही ति /

### सम्यक गीत

आदि मध्य अन्तमा कल्याण हुने,
भगवान् देशित भएको, धम्म स्वाक्खातो भनिन्छ
प्रत्यक्ष हुने गरी फल दिने,
सन्दिट्ठिको धम्म भनिन्छ/नमस्कार निर्वाणगामि धम्मलाई
फल दिन कालरहित भएको,
धम्म अकालिको भनिन्छ, धम्म अकालिको भनिन्छ
आउ हेर भनी परीक्षण योग्य,
एहिपस्सिको धम्म भनिन्छ, नमस्कार ... /
निर्वाण सम्म पुऱ्याई दिने,
धम्म ओपनयिको भनिन्छ, धम्म ओपनयिको भनिन्छ
विज्ञहरूद्वारा स्वानुभवले,
विदित योग्य धम्म भनिन्छ, नमस्कार ...

*अब हामी नौ संघ गुण पाठ गरौं-*

सुपटिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावक संघो/ञायपटिपन्नो भगवतो सावक संघो, सामीचि पटिपन्नो भगवतो सावक संघो/यदिदं चत्तारि पुरिस युगानि अट्ठ पुरिस पुग्गला/एस भगवतो सावक संघो आहुनेय्यो/पाहुनेय्यो दक्खिणेय्यो अञ्जलि करणीयो, अनुत्तरं पञ्ञक्खेत्तं लोकस्सा ति/

## सम्यक गीत

धर्म विनयमा प्रतिष्ठित,
भगवानको श्रावक संघ, सुपटिपन्नो हुनुहुन्छ
अष्टाङ्गिक मार्गमा प्रतिष्ठित,
भगवानको श्रावक संघ, उजुपटिपन्नो हुनुहुन्छ /
निर्वाण मार्गमा प्रतिष्ठित,
भगवानको श्रावक संघ, ञाय पटिपन्नो हुनुहुन्छ /
सत्कार योग्य धम्ममा प्रतिष्ठित,
भगवानको श्रावक संघ, सामीचि पटिपन्नो हुनुहुन्छ
यिनै स्रोतापन्न सकृदागामि,
अनागामि अरहन्त, चार जोडी पुरुषहरू /
मार्ग र फल प्राप्त गरेका,
अष्ट पुरुष पुद्गलहरू, भगवानका श्रावकसंघ,
आव्हान गरिनु योग्य आहुनेय्यो,
पाहुणेय्यो पाहुना योग्य दक्खिणेय्यो दक्षिणा योग्य
वन्दना गर्न योग्य भएको,
अञ्जलि करणीयो, भगवानको श्रावक संघ /
निर्वाण सम्म पाउने आशाले,
पुण्य वीज रोप्न योग्य, अनुत्तर पुण्यखेत हुनुहुन्छ /
जसलाई दिनाले महाफलदायी,
भदन्त भिक्षुहरू हुनुहुन्छ, आर्या भिक्षुणीहरू हुनुहुन्छ ।

*क्रमश:*

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनीवारीय कार्यक्रमहरु

२०५८ कार्तिक १८ गते ।

विषय : **प्रव्रजितहरूलाई आउन सक्ने चार प्रकारका भय ।**

*प्रवचकः सोभियत रत्न तुलाधर, रिपोर्टरः ध्रुवरत्न स्थापित*

यसदिन सोभियत रत्न तुलाधरले प्रवचनको क्रममा भन्नुभयो- "प्रव्रजितहरूलाई आउन सक्ने चार प्रकारका भयहरू विषय मज्भिमनिकाय अन्तरगत भिक्षु वर्गको चातुम सुत्तमा आधारित छ । चार भयहरू यसरी रहेका छन्–

१. **उर्मिभय-** कुलपुत्रहरू घर त्यागी प्रव्रजित भइसकेपछि संघको नियमानुसार हिंड्ने, सङ्घाटी लगाउने देखि लिएर पात्र चीवर धारण गर्ने विषय समेत सिकाउनका लागि आफू भन्दा कम उमेरका गुरुहरूको आदेश पनि पालन गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा आफ्नो मन विचलित हुने भय हुन्छ ।

२. **कुम्भील भय-** गृहस्थ जीवनमा राम्रो, स्वादिलो र मिष्ठान्न भोजन खाने बानी बसिसकेको व्यक्तिले प्रव्रजित जीवन विताउँदा दानबाट प्राप्त भएको भोजनमा चित्त बुझाउनु पर्ने हुन्छ । त्यति मात्र होइन प्रव्रजित जीवनमा यो रसस्वाद लिनु हुन्न, यो समयमा खान हुन्न, आदि विभिन्न नियमहरूको कारणले मनमा निराशापन आउन सक्छ ।

३. **आवर्त भय-** प्रव्रजित जीवनमा संयमित भएर हिंड्नु पर्छ, वचन राम्रो हुनुपर्छ, स्मृतिवान् हुनुपर्छ, पञ्चकाम सुखबाट अलग्ग भई वस्नुपर्छ आदि विभिन्न नियमहरूमा बाँधिएर वस्नुपर्दा प्रव्रजित जीवन देखेर वाक्क लाग्ने भय आउन सक्छ ।

४. **सुसुका भय-** श्रद्धापूर्वक घर त्यागी प्रव्रजित हुन आएको भिक्षु ठाउँ ठाउँमा भिक्षाटन जाँदा बाटोमा दुश्चरीत्र महिलाहरूको लुगा लगाई र बोलाईबाट आकर्षित भई उनीहरूको मन परिवर्तन भई फेरि गृहस्थाश्रममा फर्कने विचार आउन सक्दछ ।

### कर्म र कर्मफल

२०५८ कार्तिक २५ गते । रिपोर्टर- नीता केशरी ।

स्थान- धर्मकीर्ति विहार । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा संचालित शनिवारिय कक्षामा धम्मवती गुरुमांले 'कर्म र कर्मफल" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो- **"कम्म विसयो अचिन्तो"** अर्थात् कर्मको विषयमा चिन्तना नगर । कर्म र कर्मको फल विचित्र हुन्छ । कर्म विचित्र भन्नु नै चित्त विचित्र भन्नु हो । किनकि चेतना नै कर्मको कारण हो । चित्त (मन) तिब्र रुपमा निरन्तर परिवर्तन भइरहने भएकोले यसको कर्मफल पनि अचिन्तनीय हुन्छ ।"

उदाहरणको लागि भुक्ति र श्रद्धा चित्तले युक्त हुँदै भक्ति दर्शाउन जाने भक्तहरूले मन्दिरमा पूजा चढाउने बेलामा पूजारीले गल्तीवस पितलको थालीको ठाउँमा चाँदीको थाली साटफेर गरिदिए पनि लोभको बसमा परी सुतुक्क चाँदीको थाली लिएर घर फर्किने भक्तजनहरू पनि छन् । तर उसको मनले भनिरहेको हुन्छ, तैंले अरूको थाली ठगेर लिइस् । यसरी अरूलाई छले पनि आफुले आफैलाई छल्न सक्दैन ।"

### अभिधर्म

२०५८ मंसिर ३० गते, शनिवार ।

यसदिन पूज्य धम्मवती गुरुमांले अभिधर्म विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो- "सम्पूर्ण हेतुफल विषयमा उल्लेखित ज्ञान नै अभिधर्म हो । अभिधर्म अनुसार स्वभाव धर्महरू यसरी रहेका छन्–

कुशल धर्म - दोष रहित, राम्रो फल दिने धर्म ।
अकुशल धर्म - दोष सहित, दुःखले भरिएको फल दिने धर्म ।
अब्यागत धर्म - कुशल र अकुशलबाट अलग्ग रहेको स्वभाव धर्म ।

हामी यी ४ प्रकारका तत्त्वहरूको आधार लिई बाँचिरहेका छौं । १. कर्म २. चित्त ३. ऋतु ४. आहार ।

हामीले आफ्नो कायद्वार (शरीरबाट), वचीद्वार (वचनबाट), मनोद्वार (मनबाट), कुशल वा अकुशल फल दिने कार्यहरू गरिरहन्छौं । हामीले होशपूर्वक कार्य गर्ने बेला धेरैजसो ती कार्यहरू अकुशलबाट अलग्ग रही कुशल बृद्धि हुने संभावना बढि रहेको हुन्छ । त्यसैले कुशल बृद्धि गर्ने माध्यम नै आफूलाई राम्रो कार्यमा होशीयारी राख्न अर्थात् राम्रो कार्यमा चित्त एकाग्र राख्नु हो । किनभने अभिधर्म अनुसार हाम्रो अन्तिम चित्तको स्वभाव अनुसार हाम्रो गति निर्धारित हुने हुन्छ । तृष्णा क्षय गर्न नसकेसम्म पून:र्जन्म निश्चित रहेको हुन्छ । त्यसैले जन्म मरणचक्रबाट मुक्त हुनको लागि भक्ति मार्गमात्र होइन ज्ञानमार्गलाई अपनाई तृष्णा क्षय गर्ने कार्यलाई अभ्यास गर्न सक्नु परेको छ ।"



Downloaded from http://www.dhamma.digital

ध्रुव स्थापितले संचालन गर्नु भएको यसदिनको कक्षाको प्रतिवेदन रामेश्वरी महर्जनले तयार गर्नुभएको थियो।



भिक्षु अश्वघोषद्वारा प्रमाण-पत्र प्रदान

## पुन मिलन समारोह

२०५८ पौष ७ गते। स्थान: धर्मकीर्ति, बसुन्धरा विहार।

– धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहार काठमाडौंको आयोजना र दच मदत नेपाल फाउण्डेशनको प्रायोजनमा गत मंसिर ८ देखि १० गतेसम्म लुम्बिनीमा सफलतापूर्वक निशुल्क स्वास्थ्य शिविर सम्पन्न गरिएको थियो। उक्त शिविरमा आफ्नो अमूल्य समय दिनुभई चिकित्सा सम्बन्धि सेवा पुऱ्याउनु भएका चिकित्सक टोली, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र धर्मकीर्ति विहार परिवार सदस्यहरू बिच बसुन्धरा डोल स्थित धर्मकीर्ति बसुन्धरा विहारमा पौष ७ गते एक पुन मिलन समारोह सम्पन्न गरिएको थियो।

भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्य र धम्मवती गुरुमांको सभापतित्त्वमा संचालित उक्त समारोहमा आफ्नो मन्तव्य व्यक्त गर्नु हुँदै भिक्षु अश्वघोषले बुद्धको व्यवहारिक शिक्षा प्रचार गर्ने सिलसिलामा स्वास्थ्य सेवा जस्ता मानव उपयोगी कार्यक्रम अति प्रशंसनिय रहेको र यस शिविर सफल पार्नका लागि अमूल्य योगदान पुऱ्याउनु हुने चिकित्सक टोली लगायत आयोजक, प्रायोजक र अन्य सहयोगीहरूको निस्वार्थ सहयोग भावना प्रति प्रसन्नता व्यक्त गर्नुभयो।

यसरी नै धम्मवती गुरुमांले शिविर सफल पार्नको लागि अमूल्य सहयोग पुऱ्याउनु हुने चिकित्सक टोली लगायत अन्य दाताहरूलाई धन्यवाद दिनुहुँदै बुद्ध जन्मभूमी लुम्बिनी क्षेत्रका वासिन्दाहरूको स्वास्थ्य क्षेत्रमा सेवा पुऱ्याउन पाएकोमा सन्तोष व्यक्त गर्नुभयो।

मैत्रीपूर्ण वातावरणमा सञ्चालित उक्त सभामा स्वास्थ्य शिविरमा सहभागी हुनुभएका सबै चिकित्सक नर्स तथा अन्य सहयोगीहरूलाई सम्मान स्वरूप 'धर्मकीर्ति लोगो अंकित प्रतिक तथा धर्म सम्वन्धि केही पुस्तकहरू पनि प्रदान गरिएको थियो।

धर्मकीर्ति स्वास्थ्य कमिटीका संयोजक डा.चन्द्रेश रत्न तुलाधरले स्वागत भाषण गर्नुभएको उक्त भेलामा शिविरमा सहभागी हुनुभएका केही चिकित्साकर्मीहरूबाट पनि आ-आफ्ना अनुभव, मन्तव्य र सुझावहरू पोख्नु भएका थिए। यसरी नै स्वास्थ्य कमिटीका सदस्य रोशनकाजी तुलाधरले शिविर तथा धर्मकीर्ति विहारको स्वास्थ्य सेवा गतिविधि वारे जानकारी दिनुभएको थियो।

रोशन काजी तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रम समापन पश्चात् कार्यक्रममा सहभागी हुनु भएका सबै सहभागीहरूलाई जलपान गराइएको थियो।

## संस्कार

२०५८ पौष १४ गते। स्थान- धर्मकीर्ति विहार।

यसदिन वीर्यवती गुरुमाँले "सँस्कार" विषयमा प्रवचन दिँदै भन्नुभयो– प्रतित्य समुत्पाद अनुसार अविद्याको कारणले सँस्कार उत्पन्न हुन्छ। मानिस पिच्छे सँस्कार फरक फरक हुन्छन्। किनभने सँस्कार आ-आफ्ना चित्तमा भरपर्छ। त्यसैले एउटै आमाको छोराछोरी भएपनि तिनीहरूको स्वभाव वेग्ला वेग्लै हुन्छन्। कसैमा रिसाउने र झोक्की बन्ने बानी अधिक हुन्छ, भने कसैमा लोभीपना बढी हुन्छ त कसैमा मै हुँ भन्ने अभिमानीपना बढी हुन्छ। त्यस्तै कसैमा आफ्नै मात्र स्वार्थ पूर्ति गर्ने इच्छा बढी रहेको हुन्छ आदि आदि।

यसरी आ-आफ्ना संस्कार अनुसार आ-आफ्नो स्वभाव देखाउँदै हिँडिरहेका हुन्छौं हामी। जब हामी वेहोशी बन्छौं तब हामीले आफ्ना खराब संस्कार अनुसार को खराब बानी व्यवहार प्रकट गरिरहेका हुन्छौं। जति वेहोशी बन्छौं त्यति नै यी खराब संस्कारहरूले बढी जरो गाड्छ। फलस्वरूप हाम्रो तर्फबाट अकुशल कार्यहरू वा कर्महरू हुन पुग्छन्।

यसरी अविद्याको अनधकारमा परेर नराम्रा संस्कारले घेरिएर बसेका हामीजस्ता अज्ञानीहरूलाई बुद्धले यसरी उपदेश दिनुभएको छ।

**नत्थि राग समो अग्गि – नत्थि दोस समो गहो**
**नत्थि मोह ससं जाले – नत्थि तण्हा समानदि।**

अर्थात्- राग समान डरलाग्दो आगो अर्को छैन। द्वेष समाज डरलाग्दो ग्रह अर्को छैन। मोह समान जाल अर्को छैन भने तृष्णा समान नदी अर्को छैन।

यस्ता डरलाग्दा क्लेशहरूबाट मुक्त हुनका लागि क्षणक्षणमा होशियारीबनी आफ्ना नराम्रा बानी व्यवहार हरू केलाउँदै हटाउन सके खराब संस्कारहरू स्वत: कमजोर हुँदै जानेछन्। यही नै हाम्रो जीवनको सफलता हुनेछ।

## विचार गोष्ठी

२०५८ आश्विन २८ गते। धर्मचक्र विहार, बागवजार, काठमाडौं।

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा बौद्ध विद्वान पण्डित बद्रीरत्न बज्राचायको प्रमुख आतिथ्यमा "एक्काइसौं शताब्दिमा पशुबली कति उपयुक्त कति अनुपयुक्त" विषयक एकदिने विचार गोष्ठी सम्पन्न भएको समाचार छ । गोष्ठीमा डा. सानुभाई डंगोलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त गोष्ठीमा ब्रह्मकुमारी राजयोगका विद्वान श्री सुरत वहादुर ऐर, भू.पू. सचिव श्री गौरीनाथ रिमाल, धर्मोदय सभाका सचिव श्री सुवर्ण शाक्य, इतिहासविद् श्री दिनेश राज पन्त, भू.पू. मन्त्री प्रयागराजसिं सुवाल, भू.पू. स. मन्त्री प्रेम बहादुर शाक्य लगायत अन्य विद्वत वर्गले समेत आ-आफ्ना मन्तव्य प्रस्तुत गर्नुभएको थियो । कुनै पनि धर्मग्रन्थमा धर्मको नाममा हिंसाको उल्लेख नभएको र अत्यधिक मद्यमांस सेवनबाट पनि समाजमा अशान्त वातावरण उत्पन्न भैरहेकोले विश्व सम्पदा सूचिमा समेत दर्ज भएको पावन भूमि लुम्बिनी, स्वयम्भू, पशुपतिनाथ र बौद्धमा "मद्यमांस निषेधित क्षेत्र" घोषणा गर्न श्री ५ को सरकारलाई अनुरोध गर्ने प्रस्ताव गोष्ठीको सर्वसम्मतिबाट पारित गरिएको विषयपनि समाचारमा उल्लेख गरिएको छ ।

## मैत्री संघ पोखराको पाँचौं वार्षिक उत्सव

२०५८ मंसिर १६ गते । पोखरा ।

मैत्री संघ पोखराको पाँचौं वार्षिकोत्सवको अवसरमा सिर्जनशील एवं राष्ट्रिय अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको सम्मान कार्यक्रम संचालन गरिएको समाचार छ।



मैत्री संघ पोखराको पाँचौं वार्षिक उत्सवमा दोसल्ला ओढाई सम्मान

यही क्रममा कृषि विज्ञानको क्षेत्रमा उपयोगी खोज अनुसन्धान गर्नुहुने व्यक्तित्व डा. भुवनरत्न स्थापित, दलित वर्गको उत्थान कार्यमा योगदान पुऱ्याउनु हुने गणेश परियार, कैयन मठ मन्दिरमा शिल्प भर्ने र कलात्मक गजूर निर्माण गरी महत्त्वपूर्ण योगदान दिनुहुने कलाकार तथा शिल्पकार बुद्धिबहादुर ताम्राकार लगायत ३ व्यक्तित्वहरूलाई फूलमाला तथा दोसल्ला ओढाई विशेष सम्मान गरिएको थियो ।

वि.सं. २०५३ सालमा स्थापित मैत्री संघ पोखराले बाल शिक्षा, भवन निर्माण, बुद्ध शिक्षा, प्रचार तथा ध्यान शिविर सञ्चालन जस्ता समाजपयोगी कार्यहरू गर्दै आएको कुरा बुझिएको छ । वार्षिकोत्सवको उद्घाटन कार्यक्रममा मुख्य अतिथि तथा राजपरिषद सदस्य गणेशवहादुर गुरूङ्गले मन्तव्यका क्रममा हिंसा र विध्वंशबाट कसैको भलो नहुने हुँदा बुद्ध शिक्षा अवलम्बन गरी शान्तिप्रिय रहन सबैलाई आग्रह गर्नुभयो ।

यस समारोहमा भिक्षु श्रद्धानन्द, पोखरा विश्व-विद्यालयका कुल सचिव प्रकाशमान गुभाजू, तथा डा. भुवनरत्न स्थापितले मैत्री संघको सामाजिक सेवामूलक गतिविधि-हरू विषयमा चर्चा गर्नुभएको थियो भने संघका निवर्तमान अध्यक्ष विश्व शाक्यले सम्मानित व्यक्तित्वहरूको योगदानवारे चर्चा गर्नुभएको थियो ।

संघका अध्यक्ष गोविन्द ताम्राकारको सभापतित्त्वमा सम्पन्न भएको उक्त कार्यक्रमका उद्घोषक सन्देश उदास हुनुहुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

## शोक श्रद्धाञ्जली

२०५८ मंसीर २१ गते । धर्मचक्र विहार, वागवजार ।

ल.पु. पाटन गा:वहाल निवासी थेरवाद बौद्ध दायक परिषदका सदस्य एवं नेपालमा थेरवाद बुद्ध शासन उत्थानको लागि योगदान पुऱ्याइरहनु भएका ५७ वर्षिय उपासक श्री पवित्र वहादुर बज्राचार्य (राजभाई) २०५८ मंसिर १५ गते दिवंगत हुनु भएकोले उहाँको पूण्यस्मृतिमा थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा १ मिनेट मौन धारण गरी हार्दिक समवेदना प्रकट गरी शोक श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

## मेत्ता सेन्टर, ध्यानकुटी बाल आश्रमलाई सहयोग

| *दाताको नाम र* | *प्राप्त सहयोग* |
|---|---|
| १. वेतीमाया शाक्य जावलाखेल | रू. २०००/- |
| २. नियुत, आभास तुलाधर नक्साल | रू. १०००/- |
| रूमाल, कापी, कलम र चकलेट आदि । | |
| ३. कृष्णगोपाल रंजित, बनेपा | रू. ५२५/- |
| ४. सिद्धिबहादुर खड्गी, कुम्भेश्वर, ल.पु. | रू. १०००/- |

## टोखा बौद्ध विहार समुद्घाटन

**२०५८ पौष ९, टोखा ।** अखिल नेपाल भिक्षु महासंघका संघ नायक भिक्षु अनिरूद्ध महास्थविर र दक्षिण कोरियाका भिक्षु Most Ven. Won Myong Sunim को तर्फबाट टोखा स्थित "टोखा बौद्ध विहार" समुद्घाटन गरिएको समाचार छ। भिक्षु सद्धातिस्स र भिक्षु कोलितद्वयको आयोजनामा उक्त विहारको निर्माण भएको हो ।

## धर्मदान र पुण्यानुमोदन समारोह

२०५८ पौष २८ । रत्नाकर महाविहार, ललितपुर ।

वीरपूर्ण पुस्तक संग्रहालय गाबहाल, ल.पु. परिवारको आयोजनामा दिवंगत उपासक पवित्रवहादुर बज्राचार्यको पूण्य स्मृतिमा प्रकाशित पवित्र ग्रन्थरत्न (धम्मपद) पुस्तक धर्मदान र पुण्यानुमोदन समारोह सम्पन्न गरिएको समाचार छ ।

## धर्मशीला बुद्ध विहारमा धर्मदेशना

२०५८ पौष ७ गते । धर्मशीला बुद्ध विहार नदीपुर ।

युवा बौद्ध संघ पोखराको आयोजनामा प्रत्येक महिनाको एकपटक सञ्चालन गर्दै आएको धर्मदेशना श्रृङ्खला अनुसार यसदिन भिक्षु सुशीलले धर्मदेशना गर्नुभएको थियो। धर्मदेशनाको क्रममा उहाँले भन्नुभयो- "मानिसहरूमा त्याग भावना हुँदा हुदै पनि त्याग गर्न सकिरहेको हुँदैन । त्यसको प्रमुख कारणहरू यसरी छन्

१. संकल्प पूरा गर्न नसक्नु
२. द्वेष भावना उत्पन्न हुनु
३. उद्देश्यको जानकारी नपाउनु आदि ।

युवा बौद्ध संघका अध्यक्ष प्रकाश उदासको सभापतित्त्वमा संचालित उक्त कार्यक्रमको प्रारम्भमा भिक्षु श्रद्धानन्दले पञ्चशील प्रार्थना गराउनु भई पुण्यानुमोदन गरी सभा समापन गर्नुभएको थियो ।

## श्रद्धाञ्जली सभा

थिंलाथ्व, २ । विश्व मैत्री विहार, यल ।

भिक्षु विमलानन्द पाखें पञ्चशील प्रार्थना याका बिज्या:गु उगु ज्याझ्वले बुद्ध पूजां लिपा बुद्ध जयन्ती कोष यलया दांभरी दिवंगत पवित्र वहादुर बज्राचार्यया किपालय् स्वाँ छाना: वयक:या पुण्य स्मृतिस न्यागू मिनेट ध्यान च्वना: श्रद्धाञ्जली देछा:गु समाचार दु ।

उगु ज्याझ्वले दिवंगत पवित्र वहादुरया म्ह्याय् मय्जु सुश्री अरणीतारा बज्राचार्यजुं थ: अबुं लोक कल्याण ज्याय् निरन्तर लगे जुया: परिवारया दुज:पिन्त बुद्ध शासने न्ह्यज्यायत् प्रेरणा बियादीगु खँ कनादिल ।

बौद्ध विद्वान भाजु शान्तमान शाक्य, मय्जु मोहन महर्जन, भाजु काजीलाल महर्जन, भाजु नाती शाक्य आदि पिंसं श्रद्धाञ्जली न्वचू बियादीगु उगु ज्याझ्वलय् भाजु लोकबहादुर शाक्यं उद्घोषण यानादीगु व भाजु प्रेम बहादुर वज्राचार्य सुभाय् देछानादीगु ख: ।

## दशपारमिता आजुपिनि चर्या विषय देशना

**यल थिंलाथ्व २ ।**

हिरण्यवर्ण महाविहारं न्ह्याकावया च्वंगु लयलय् पतिकंया धर्म देशनाय् बौद्ध विद्वान गुरुजु विश्व वज्र वज्राचार्यजुं पञ्च महाभूत व पञ्चस्कन्ध मिलन जुलकि चेतना दइगु आलय विज्ञान ख: । महायानया मू दर्शन परिकल्पित, परतन्त्र व परिनिस्पन्न स्वभाव रूपि शून्यता ज्ञान मथुइकं आजु जुया सार जुइ मखु धका प्रमुदिता भूमि व विमला भूमिया देशना याना दीगु समाचार दु ।

समाचार अनुसार भाजु शुक्रराज शाक्यं न्ह्याकादीगु उगु ज्याझ्वलय् वेताजु चक्रराज वज्राचार्यजुं सूत्र पाठ यासे लसकुसयाना दीगु ख:सा भाजु लोक वहादुर शाक्यं सुभाय् देछाना दीगु ख: ।

## सुवर्ण छत्रपुर विहार संरक्षण समिति पुर्नगठन

२०५८ पौष ७ गते, लुभू । यस विहारको उत्तरोत्तर प्रगति एवं गुरूयोजनालाई साकार तुल्याउन विहार संरक्षण समितिको पुर्नगठन यसरी रहेको समाचार छ । अध्यक्ष श्री पूर्णमान महर्जन । उपाध्यक्ष-श्री बेखालाल महर्जन, सचिव श्री रामगोपाल सिंह, उप-सचिव श्री गंगाबहादुर महर्जन, कोषाध्यक्ष श्री सन्तराम महर्जन, सह-कोषाध्यक्ष श्री कुमार महर्जन तथा सदस्यहरू श्री बाबुकाजी महर्जन, श्री गोविन्द महर्जन, श्री पूर्णबहादुर महर्जन, श्री चिरीबाबु महर्जन, श्री चिरीभाई महर्जन रहेका छन् । पदासीन व्यक्तिहरूबाट आफ्नो कर्त्तव्य बोध गरी उत्तरोत्तर प्रगति-उन्नति एवं शान्तिमार्ग अवलम्बन गर्न सकून – हाम्रो शुभकामना छ ।

## लुभूमा बृहद् बुद्धपूजा-प्रवचन

पौष २२ अष्टमी, २०५८ । सुवर्ण छत्रपुर विहार, लुभू । प्रत्येक कृष्णपक्ष अष्टमीका दिन बौद्ध कार्यक्रम संचालन गर्ने क्रममा यसदिन बुद्धपूजा एवं प्रवचन सम्पन्न गरिएको समाचार छ । स्थानीय पचासौं श्रद्धालुहरूका माझ श्री सुमंगल विहारका उपासक-उपासिकाहरूको सयौं संख्याको समूह विभिन्न बौद्ध स्थलमा बुद्धपूजा जाने क्रममा उपस्थित भएर पनि कार्यक्रम बृहद् एवं महत्त्वपूर्णका रूपमा रह्यो ।

भिक्षु विमलानन्द समक्ष शीलप्रार्थना गरी थालिएको उक्त कार्यक्रममा लुभूमै जन्मे-हुर्केका स्थानीय भिक्षु संघरक्षितबाट बुद्धपूजा एवं सारगर्भित धर्मदेशना भयो । दु:ख र दु:खी मुक्ति मार्ग बताउने धर्म श्रेष्ठ छ भन्नुहुँदै उपस्थित सयौं श्रद्धालुहरूलाई लक्षित गरेर धर्मदेशनामा उहाँले भन्नुभयो– कुनै पनि कामकुरा सुनेको र देखेको भरमा आफ्नो विवेकबुद्धिले विचारै नगरी आँखा चिम्लेर स्वीकार गर्नु मूर्खता हो । गलत बाटोमा लागेर समय बितिसकेपछि वृद्धावस्थामा पश्चाताप एवं शोक गरेर त्यो समय फिर्ता पाउने सम्भावना नै छैन, जबकि जाँचमा फेल भए, फेरि जाँच दिन पाउँछ, बस छुटेमा अर्को बस पाउँछ । तसर्थ, पाइला चाल्नुअघि कुनै निष्कर्षमा पुग्नुपूर्व निष्पक्ष र स्वतन्त्र प्रज्ञाले विचारेर ग्रहण गर्न योग्य छ । यो बुद्ध शिक्षाको विशेषता नै हो ।

विगतका २ वर्षदेखि प्रत्येक महिना बुद्धपूजा र धर्मप्रचारको उद्देश्य सँगालेर विभिन्न ठाउँमा गइसकेका श्री सुमंगल विहारका उपासक-उपासिकाहरूको समूहबाट विहारलाई "राइस कुकुर" एउटा र ५ हजार चानचुन रूपियाँ पनि चन्दा प्रदान गरे । विहारका अध्यक्ष पूर्णमान महर्जन र सचिव रामगोपाल सिंहबाट आफ्नो मन्तव्य र स्वागत-भाषण गरिएको उक्त कार्यक्रम पुण्यानुमोदनद्वारा विसर्जन गरियो ।

दान-भोजन पछि पनि लगभग २ बजेसम्म बुद्धपूजाका अनुभव-अनुभूति उपलब्धि सम्बन्धी मन्तव्य, विभिन्न ज्ञानवर्द्धक मार्मिक भजनहरू पनि प्रस्तुत गरिएका थिए । स्मरणीय छ, सुमंगल विहारबाट ३ वटा बसहरू रिजर्भ गरी उपासक-उपासिकाहरू बुद्धपूजामा सामेल भएका थिए भने श्रा. पञ्ञाविमलको पनि उपस्थिति थियो ।

## लुम्बिनीग्राम आवास परियोजनाको प्रगति समाचार

बुद्धको जन्मस्थल लुम्बिनीमा यस लुम्बिनीग्राम आवास परियोजनाको निर्माण कार्य शुचारूरूपले चलिरहेको कुरा लुम्बिनी प्रा.लि.ले जनाएको छ ।

निर्माणाधीन यस परियोजनाको ५८ वटा भवन मध्ये हाल ४२ वटा भवनको जग हाल्ने कार्य सम्पन्न भइसकेको छ । जसमध्ये १५ वटा भवनको पहिलो तल्ला कार्य सम्पन्न भई दोश्रो तल्लाको कार्य हुँदैछ ।

भवन बाहेक यहाँ बाटोको काम भइसकेको र बाटोको छेउमा बिजुली लठ्ठा हाल्ने र तार तान्ने काम पनि सम्पन्न भइसकेको छ । हाल भवन बनाउने लगायत पौडी पोखरी, खानेपानीको ओभर हेड ट्याँकी (overhead tank) र रेष्टुराँ निर्माणको कार्य प्रारम्भ भईसकेको छ ।

दुई वर्षभित्रमै सम्पन्न गर्ने योजना रहेको यस आवास परियोजनाको निर्माण कार्यको अवलोकन गर्न यस परियोजनाका भवन खरीद गर्नु भएका तथा अन्य सबैलाई सो निर्माण कार्यको अवलोकन गर्नुहुन अनुरोध छ र यसका राम्रा नराम्रा कुराहरू बारे हामीलाई सरसल्लाह प्राप्त भएमा हामी लुम्बिनी प्राइभेट लिमिटेड अति आभारी हुने थियौं ।

लुम्बिनीग्राम सम्बन्धी केही जानकारी आवश्यक भएमा यसको कार्यालयको फोन: ५३९६६८, ५३०७२८ मा वा मोवाइल: ९८१७३८१९६ मा फोन गरी जानकारी हाँसिल गर्न सकिन्छ ।

यस परियोजनामा भवन खरीद गरी हाम्रो प्रयासलाई साथ दिनु हुने सबैलाई धन्यवाद ज्ञापन गर्दछौं ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं । फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital